# जलवायु परिवर्तन रणनीतिक कार्ययोजना
# लुम्बिनी प्रदेश

(आर्थिक वर्ष २०८३।०८४ देखि २०९२।०९३ सम्म)

लुम्बिनी प्रदेश सरकार

**वन, वातावरण तथा पर्यटन मन्त्रालय**

राप्ती उपत्यका (देउखुरी), नेपाल

# विषयसूची


परिच्छेद १ 1

**परिचय** 1

**१.१. पृष्ठभूमि** 1

**१.१.१. जलवायु परिवर्तन र यसको प्रभाव** 1

**१.१.२. जलवायु परिवर्तनको राष्ट्रिय तथा प्रादेशिक परिवेश** 1

**१.१.३ नीति तथा संस्थागत संरचना** 5

१.२. रणनीतिक कार्ययोजनाको आवश्यकता 8

१.२.१. रणनीतिक कार्ययोजना तर्जुमा प्रक्रिया 8

**परिच्छेद २** 10

**जलवायु परिवर्तन रणनीतिक कार्ययोजना** 10

२.१. दुरदृष्टि 10

२.२. लक्ष्य 10

२.३. उद्देश्यहरु 10

२.४. रणनीतिक कार्ययोजनाका विषयगत क्षेत्रहरूः 10

२.४.१. कृषि तथा खाद्य सुरक्षा 10

२.४.२. वन, जैविक विविधता तथा जलाधार संरक्षण 14

२.४.३. जलस्रोत तथा उर्जा 20

२.४.४. ग्रामिण र शहरी बसोबास 22

२.४.५. उद्योग, यातायात तथा भौतिक पूर्वाधार 24

२.४.६. पर्यटन एवं प्राकृतिक तथा सांस्कृतिक सम्पदा 26

२.४.७. स्वास्थ्य, खानेपानी तथा सरसफाई 28

२.४.८. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन 30

२.४.९. लैङ्गिक तथा सामाजिक समावेशिता, जीविकोपार्जन र सुशासन 33

२.४.१०. जनचेतना अभिवृद्धि तथा क्षमता विकास 36

२.४.११. अनुसन्धान एवं प्रविधिको विकास तथा प्रसार 37

२.४.१२. जलवायु वित्त व्यवस्थापन 38

**परिच्छेद ३** 40

**जलवायु परिवर्तन रणनीति कार्ययोजना कार्यान्वयन** 40

३.१. संस्थागत भूमिका 40

३.१.१. प्रदेश सरकार (मन्त्रिपरिषद) 40

३.१.२. प्रदेश वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन परिषद 40

३.१.३. प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको भूमिका 40


DRAFT

३.१.४. प्रदेश जलवायु परिवर्तन समन्वय समिति 40

३.१.५. वन, वातावरण तथा पर्यटन मन्त्रालय 41

३.१.६. विषयगत मन्त्रालय, आयोग, सचिवालय 41

३.१.७. प्रदेश स्थित विकास साझेदार तथा गैरसरकारी संघ संस्थाहरु निकाय र संघ संस्थाहरू 41

३.१.८. जिल्ला विपद् व्यवस्थापन समिति 41

३.१.९. स्थानीय विपद् व्यवस्थापन समिति 42

३.१.१०. निजीक्षेत्र 42

३.२. वित्त व्यवस्थापन 42

३.२.१. वार्षिक बजेट 43

३.२.२. जलवायु परिवर्तन व्यवस्थापन कोष 43

३.२.३. 44

विकास सहायता परिचालन 44

३.२.४ निजीक्षेत्र 44

३.२.५. विविध 44

३.३. क्षमता विकास 44

३.४. जोखिम व्यवस्थापन 44

३.५. अनुगमन, मूल्याङ्कन, सिकाई र संशोधन तथा परिमार्जन 45

३.५.१. अनुगमन तथा मूल्याङ्कन 45

३.५.२. सिकाई र पुनरावलोकनः 45

DRAFT

**कार्यकारी सारांश**

मानव सिर्जित जलवायु परिवर्तन पृथ्वीको मुख्य संकटको रुपमा देखिएको छ। यो समस्याले भौगोलिक, आर्थिक र सामाजिक रुपमा संवेदनशील नेपाल लगायत अतिकम विकसित देशहरुमा बढी प्रभाव पार्ने गरेको छ। जलवायु परिवर्तनको नकारात्मक प्रभाव नेपालको राष्ट्रिय अर्थतन्त्र र जनजीवनसँग गाँसिएर आउने धेरैजसो क्षेत्रहरुमा पर्ने गरेको छ। नेपालले यसको सामना गर्दै जलवायु परिवर्तन अनुकूलन र न्यूनीकरण गर्ने अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरुमा प्रतिबद्धता जनाउँदै यिनको कार्यान्वयन प्रक्रियालाई प्रभावकारी रूपमा अगाडी बढाएको छ। यसै सिलसिलामा जलवायु उत्थानशील समाजको विकास गरी राष्ट्रको सामाजिक तथा आर्थिक समृद्धिमा योगदान पुऱ्याउन राष्ट्रिय जलवायु परिवर्तन नीति २०७६, राष्ट्रिय अनुकूलन योजना, २०७८ र नेपालको तेस्रो राष्ट्रिय निर्धारित योगदान, २०८२ कार्यान्वयनमा ल्याईएका छन्।

उक्त नीति र योजनाका उद्देश्यलाई प्राप्त गर्न प्रदेश सरकारले आ-आफ्नो परिस्थिति, आवश्यकता र संभावना अनुरुप प्रदेश नीति मार्फत योगदान पुऱ्याउन सक्दछन्। तसर्थ उपर्युक्त अनुसारका राष्ट्रिय नीति तथा योजनाहरुमा ठोस रुपमा योगदान पुऱ्याउने लक्ष्यका साथ लुम्बिनी प्रदेश सरकारले यो रणनीतिक कार्ययोजना तर्जुमा गरी लागु गरेको छ।

रणनीतिक कार्ययोजना तर्जुमा गर्दा जलवायु परिवर्तन सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि, सम्झौता, र राष्ट्रिय नीतिहरुको पुनरावलोकन गरी तदनुरुप तादात्म्यता कायम गरिएको छ। संघ, प्रदेश र स्थानीय तहका सरकारका साथै उपलब्ध सम्बद्ध समुदायका प्रतिनिधि र अन्य सरोकारवालाहरुसँगको परामर्श, सहभागिता र पृष्ठपोषणको आधारमा यो रणनीतिक कार्ययोजना तर्जुमा गरिएको हो। साथै, रणनीतिक कार्ययोजना तर्जुमाको क्रममा सम्बद्व प्राज्ञिक समुदायसँगको छलफल र अन्य सन्दर्भ सामाग्रीको पनि अध्ययन तथा विश्लेषण गरिएको छ।

जलवायु परिवर्तन रणनीतिक कार्ययोजनाले जलवायु उत्थानशील, दिगो र समावेशी विकासोन्मुख समृद्ध लुम्बिनी प्रदेशको परिकल्पना गरेको छ। यसको लक्ष्य जलवायु अनुकूलन उत्थानशील समाजको निर्माण तथा पारिस्थितिकीय प्रणालीको विकास गरी प्रदेशको आर्थिक एवम् सामाजिक समृद्धिमा योगदान पुऱ्याउनु रहेको छ। रणनीतिक कार्ययोजनाले कृषि तथा खाद्य सुरक्षा, वन, जैविक विविधता तथा जलाधार क्षेत्रको संरक्षण, जलस्रोत तथा ऊर्जा, ग्रामीण र शहरी बसोबास, उद्योग, यातायात तथा भौतिक पूर्वाधार, पर्यटन, एवम् प्राकृतिक तथा सांस्कृतिक सम्पदा, स्वास्थ्य, खानेपानी तथा सरसफाईका क्षेत्रमा अनुकूलन र न्यूनीकरणका रणनीतिक क्रियाकलाप तय गरिएका छन्। यसमा जलवायु परिवर्तन र जलवायुजन्य विपद्को अन्तरसम्बन्ध कायम हुने गरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका उपायहरु समेत समेटिएका छन्। यसका अतिरिक्त जलवायु परिवर्तनका विभिन्न विषयमा लैङ्गिक तथा सामाजिक समावेशिता कायम गर्ने, जनचेतना अभिवृद्धि, अनुसन्धान प्रविधि र जलवायु वित्त व्यवस्थापन र सुधारका रणनीतिक क्रियाकलापहरु पनि समावेश गरिएका छन्।

रणनीतिक कार्ययोजनाको कार्यान्वयनमा प्रदेश सरकार, वन, वातावरण तथा पर्यटन मन्त्रालय, प्रदेशस्तरीय वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन परिषद्, अन्तर मन्त्रालय प्रदेश जलवायु परिवर्तन समन्वय समिति र विषयगत मन्त्रालय र अन्तरगत निकायको संस्थागत संरचना सुदृढीकरण गर्ने विषय समेत उल्लेख गरिएको छ। यसका अतिरिक्त रणनीतिक कार्ययोजनाको कार्यान्वयनमा संघ, प्रदेश र स्थानीय सरकार, विकास साझेदार तथा गैरसरकारी संघ संस्थाहरु, निजीक्षेत्र लगायतको यथोचित भूमिकाको प्रावधान राखिएको छ।

DRAFT

रणनीतिक कार्ययोजनाको कार्यान्वयनले लुम्बिनी प्रदेशमा राष्ट्रिय जलवायु परिवर्तन नीति२०७६, राष्ट्रिय अनुकूलन योजना २०७८ र नेपालको तेस्रो राष्ट्रिय निर्धारित योगदान २०८२ को मूलप्रवाहीकरण गरी नीतिगत उद्देश्यहरु हासिल गर्न उल्लेखनीय योगदान रहनेछ ।

यो रणनीतिक कार्ययोजनाको अवधि १० वर्षको हुनेछ । रणनीतिक कार्ययोजनामा लक्षित कार्यक्रम सम्पन्न गर्न कुल बजेट रु. २,१४,१५,००,००,०००।– (अक्षेरूपी दुई खर्ब चौध अर्ब पन्ध्र करोड रूपैयाँ) को लागत अनुमान प्रक्षेपण गरिएको छ । रणनीतिक कार्ययोजनाको कार्यान्वयनमा लाग्ने कुल बजेट मध्ये आन्तरिक स्रोतबाट ६५ प्रतिशत र बाह्य स्रोतबाट ३५ प्रतिशत योगदान हुने अनुमान गरिएको छ । आन्तरिक स्रोतमा संघीय सरकारबाट प्राप्त हुने अनुदान, प्रदेश सरकारले विनियोजन गर्ने रकम, निजी र सामाजिक क्षेत्रबाट हुने योगदान रहने छन् । बाह्य स्रोतहरुमा प्रदेशमा प्राप्त हुने दातृ निकाय र विकास साझेदार तथा गैरसरकारी संघ संस्थाहरु तथा गैरसरकारी संघ संस्थाहरुबाट प्राप्त हुने द्विपक्षीय, बहुपक्षीय र अन्य सहयोग रहने छन् । आन्तरिक स्रोतमध्ये निजी क्षेत्रबाट कृषि तथा खाद्य सुरक्षा, ऊर्जा उत्पादन, पर्यटन र उद्योग क्षेत्रमा उल्लेख्य योगदान हुने प्रक्षेपण गरिएको छ । आन्तरिक स्रोतको ३० प्रतिशत योगदान निजी क्षेत्रबाट हुने आकलन गरिएको छ । संघ, प्रदेश र स्थानीय सरकार तथा निजी क्षेत्रबाट हुने योगदान पश्चात अपुग हुनआउने रकम बाह्य स्रोतबाट परिपूर्ति गरिने छ । यसको लागि संघीय सरकारले सम्बद्ध विकास साझेदार तथा गैरसरकारी संघ संस्थाहरुसँग आवश्यक समन्वयका साथ लुम्बिनी प्रदेश सरकारलाई सहयोग गर्ने अपेक्षा गरिएको छ ।

रणनीतिक क्रियाकलाप कार्यान्वयनका लागि प्रदेश, स्थानीय तहका सरकारी, निजी एवं अन्य साझेदार निकाय, गैह्र सरकारी संघ संस्था तथा सञ्जालहरुको प्रत्यक्ष भूमिका रहने भएकाले तिनको क्षमता विकास आवश्यक देखिन्छ । वन, वातावरण तथा पर्यटन मन्त्रालय र प्रदेशको अन्तर मन्त्रालय जलवायु परिवर्तन समन्वय समितिले रणनीतिक कार्ययोजनाको नियमित अनुगमन गर्नेछ भने प्रदेश वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन परिषदले यो रणनीतिक कार्ययोजनाको मूल्याङ्कन गरी प्राप्त सिकाईको आधारमा वन, वातावरण तथा पर्यटन मन्त्रालय ले यो रणनीतिक क्रियाकलापको परिमार्जन गर्न  सक्ने प्रावधान राखिएको छ ।

# परिच्छेद १

# परिचय

## १.१. पृष्ठभूमि

### १.१.१. जलवायु परिवर्तन र यसको प्रभाव

जलवायु परिवर्तन भन्नाले पृथ्वीको तापक्रम र मौसममा हुने दीर्घकालीन परिवर्तन हो। वैज्ञानिक अध्ययन तथा जलवायु परिवर्तन सम्बन्धी अन्तरसरकारी कार्यमञ्च (Inter–governmental Panel on Climate Change, IPCC) अनुसार मानवीय क्रियाकलाप तथा प्राकृतिक प्रणालीमा आएको अस्थिरताको कारणले लामो समयावधिमा जलवायुको स्थितिमा देखिने परिवर्तन नै जलवायु परिवर्तन हो भनि उल्लेख गरिएको छ। मानवीय क्रियाकलापहरुमा जीवाष्म इन्धन (Fossil Fuel) को अत्याधिक प्रयोग, वन जङ्गलको फडानी र प्रदूषण मुख्य कारक तत्वका रुपमा रहेका छन्। हालसम्म मानव सिर्जित क्रियाकलापबाट पृथ्वीको औसत तापक्रम वृद्धि सन १८५० को तुलनामा १.१ डिग्री सेन्टीग्रेड पुगेको कारणले जलवायु परिवर्तन भएको छ र यसको प्रभाव अतिवृष्टि, अनावृष्टि, खडेरी, वनडढेलो, बाढी, पहिरो, चट्याङ्, रोगव्याधि, जैविक विविधताको ह्रास आदि स्वरुपमा देखापरेका छन्। नेपाल जलवायु परिवर्तनको उच्च जोखिममा रहेका राष्ट्रहरू मध्येमा पर्दछ। यसको असर बर्षेनी बढ्दै गएको कारणले मानव समुदाय र अर्थतन्त्रमा समेत नकारात्मक असर परिरहेको छ। सन् १९७१ देखि २०१४ सम्ममा नेपालको तापक्रम औसत ०.०५६ डिग्री सेल्सियसले बढेको कुरा अध्ययनले देखाएको छ। विश्वको कुल हरितगृह ग्याँस उत्सर्जन गर्ने राष्ट्रहरु मध्ये नेपालको भूमिका नगन्य रहेता पनि धरातलीय विविधता, कमजोर भौगर्भिक बनावट, संवेदनशील पारिस्थितिकीय प्रणाली, जलवायुको विविधताले गर्दा नेपालमा जलवायु परिवर्तनको जोखिम उच्च रहेको देखिन्छ।

जलवायु परिवर्तनले समाज, अर्थव्यवस्था, भौतिक संरचना र पारिस्थितिक प्रणालीलाई असर गर्दछ। तत्कालीन संघीय वन तथा वातावरण मन्त्रालयले तयार गरेको जलवायु परिवर्तन सम्बन्धी जोखिम संकटासन्न आकलन प्रतिवेदन २०७८ (Vulnerability and Risk Assessment Report, 2021) अनुसार आगलागी, महामारी, भारी वर्षा, पहिरो, बाढी, हिमपहिरो र हिमताल विस्फोट, हावाहुरी, असिना, तातो हावाको लहर, शीतलहर, डढेलो, खडेरी लगायत घटनालाई जलवायुजन्य विपद्मा राखिएको छ। अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (ICIMOD) को सन् २०२५ को प्रतिवेदन अनुसार जलवायुजन्य विपद्का घटनाका कारण नेपालको अर्थतन्त्रमा सन् २०१९ देखि २०२१ सम्म प्रतिवर्ष कुल गार्हस्थ्य उत्पादनको २ प्रतिशतले नोक्सानी भएको देखिन्छ। सन् २०१८ देखि २०२४ सम्मका घटनाहरूलाई विश्लेषण गरेर तयार पारिएको प्रतिवेदन अनुसार जलवायुजन्य विपद्का घटनामा परेर औसतमा वार्षिक ५०० जनाको ज्यान जाने गरेको तथ्यांक छ।

### १.१.२. जलवायु परिवर्तनको राष्ट्रिय तथा प्रादेशिक परिवेश

### क. राष्ट्रिय परिवेश

सन १९८१ देखि २०१० सम्मका आँकडाहरु विश्लेषण गर्दा नेपालमा वार्षिक औषत वर्षा १८३० मिलीमिटर हुन्छ भने नेपालको सबै मौसमको औसत तापक्रम १२.१ डिग्री सेल्सियस हुने पुष्टि भएको छ तर जलवायु परिवर्तनको कारणले यो आँकडामा परिवर्तन हुने देखिएको छ।

संघीयले साझेदार निकाय तथा संघ, संस्थाहरुको सहयोगमा मौजुदा अवस्थाको वैज्ञानिक र वस्तुपरक विश्लेषण गर्दै नेपालको जलवायु परिदृश्यको आकलन गरी  प्रतिवेदन प्रकाशित गरेको छ। उक्त प्रतिवेदनले सन १९८१ देखि २०१० सम्मलाई सन्दर्भ आधार वर्षको रुपमा लिएर सन २०१६ देखि २०४५ सम्मको अवधिलाई मध्यम अवधि र सन २०३६ देखि २०६५ को अवधिलाई दीर्घकालीन अवधि मानी भविष्यको जलवायु परिवर्तनको परिदृश्यको आकलन गरेको छ। अध्ययन प्रतिवेदनले जलवायु परिवर्तनको कारणले उल्लेखित अवधिमा वर्षात र तापक्रममा निम्न बमोजिम परिवर्तन हुने आँकडा प्रक्षेपण गरेको छः

- मध्यम अवधिमा औसत वर्षा २ देखि ६ प्रतिशत र औसत तापक्रम ०.९ देखि १.१ डिग्री सेल्सियसले वृद्धि हुने।
- दीर्घकालीन अवधिमा औसत वर्षा ८ देखि १२ प्रतिशत र औसत तापक्रम १.३ देखि १.८ डिग्री सेल्सियस वृद्धि हुने।
- शताव्दीको अन्त्य सम्ममा औसत वर्षा ११ देखि २३ प्रतिशत र तापक्रम १.७ देखि ३.६ डिग्री सेल्सियस पुग्ने अनुमान छ।

सो अध्ययन प्रतिवेदनले निम्नानुसारका जलवायुजन्य विपद् (Climate Extreme Disaster) को प्रक्षेपण गरेको छः

- वर्षातको तीव्रता (Intensity) अत्याधिक हुने तर वर्षात हुने दिन घट्दा वर्षातसँग सम्बन्धित विपद् जस्तै बाढी र पहिरोको प्रकोप बढ्ने।
- गर्मीका दिनहरु वृद्धि हुँदै जाने, दिन र रातको अधिकतम तापक्रममा वृद्धि हुने।
- वर्षातको दिन घट्ने हुनाले न्यून मनसुन हुने क्षेत्रहरु थप सुख्खाग्रस्त क्षेत्रको रुपमा परिणत हुने।

जलवायु परिवर्तनको राष्ट्रिय परिदृश्य अनुसार नै लुम्बिनी प्रदेशमा पनि प्रभाव पर्न सक्ने स्थितिको आकलन गरी उक्त संभावित प्रभावहरुसँग अनुकूलन गर्नेगरी यो रणनीतिक कार्ययोजना तर्जुमा गरिएको छ।

**ख. प्रदेशको परिवेश**

नेपालको कुल क्षेत्रफल मध्ये लुम्बिनी प्रदेशमा २२,२८८ वर्ग कि.मि. छ, जुन नेपालको कूल क्षेत्रफलको १५.१ प्रतिशत हो।




*नक्सा नं १, लुम्बिनी प्रदेश*

प्रदेशको सीमाना पूर्वमा गण्डकी प्रदेश, पश्चिममा कर्णाली र सुदूर-पश्चिम प्रदेश, उत्तरमा गण्डकी र कर्णाली प्रदेश र दक्षिणमा छिमेकी मुलुक भारतसँग सिमाना जोडिएको छ। समथर जमिनदेखि ७,२४६ मिटरको उचाई भएको पुथा हिमाल यस प्रदेशमा रहेको छ।

यो प्रदेशमा रहेका जम्मा १२ वटा जिल्लाहरु (नक्सा नं. १) हिमाली क्षेत्रमा रुकुम पूर्व, पहाडी क्षेत्रमा रोल्पा, प्यूठान, गुल्मी, अर्घाखाँची र पाल्पा, तथा तराईमा नवलपरासी पश्चिम, रुपन्देही, कपिलवस्तु, दाङ्ग, बाँके र बर्दिया जिल्लाहरु पर्दछन्। यस प्रदेशमा ४ वटा उपमहानगरपालिका, ३२ वटा नगरपालिका र ७३ वटा गाउँपालिका गरी १०९ स्थानीय तह छन्। ती स्थानीय तहमा ९८३ वडाहरु छन्। राष्ट्रिय जनगणना २०७८ अनुसार यस प्रदेशको कुल जनसंख्या ५१,२२,०७८ रहेको छ र ११,४१,९०२ घर परिवार रहेको छ। यस प्रदेशको कुल जनसंख्यामध्ये ५५% प्रतिशत नगरपालिकामा र ४५% जनसंख्या प्रतिशत गाउँपालिकामा बसोबास गर्दछन।

लुम्बिनी प्रदेशमा २९ प्रतिशत कृषि भुमि रहेको छ। यो प्रदेश जल, वन, जडीबुटी, जैविक स्रोत, प्राकृतिक सौन्दर्य, खानी र खनिजहरुले सम्पन्न रहेको छ। प्रदेशमा कुल जमिनको ५७.०२ प्रतिशत वन रहेको छ। आवास क्षेत्रले १४ प्रतिशत भुमि ओगटेको छ। प्रदेशमा ३२ वटा मुख्य जलाधार प्रणालीहरु रहेका छन्, जस अन्तर्गत ४४ वटा नदी तथा खोलाहरु रहेका छन। यी मध्ये सबैभन्दा लामो नदी राप्ती (२०७.७ किलोमीटर) र दोस्रो लामो नदी बबई (१६८.८ किलोमिटर) रहेको छ। कर्णाली र गण्डकी नदी यो प्रदेशका पश्चिम र पूर्व दक्षिणका सिमावर्ति नदी हुन्।

**जलवायु परिवर्तनको अवस्था, प्रभाव र पूर्वानुमानः**

नेपाल सरकार तत्कालीन वन तथा वातावरण मन्त्रालय,२०७८ ले तयार पारेको सङ्कटासन्न तथा जोखिम आकलन प्रतिवेदनमा उल्लेखित सूचाङ्क आधारमा लुम्बिनी प्रदेशका प्यूठान र रोल्पा अति उच्च, पाल्पा, रुकुम पूर्व, गुल्मी, अर्घाखाँची उच्च तथा अन्य जिल्लाहरुको अवस्था (तालिका १ र नक्सा २) रहेका छन्।

**तालिक नं. १ लुम्बिनी प्रदेशको समग्र सङ्कटासन्नताको सूचाङ्क**

| **संकटासन्नता स्तरीकरण** | **जिल्ला** |
|---|---|
| अति उच्च (०.७७८–१) | प्युठान र रोल्पा |
| उच्च (०.६२३–०.७७७) | पाल्पा, रुकुम पूर्व, गुल्मी र अर्घाखाँची |
| मध्यम (०.५०२–०.६२२) | परासी र दाङ्ग |
| न्यून (०.१७९–०.५०१) | कपिलवस्तु, बाँके, बर्दिया र रुपन्देही |




*नक्सा २ लुम्बिनी प्रदेशको सङ्कटासन्न*

उक्त प्रतिवेदनमा लुम्बिनी प्रदेशमा महामारी, आगलागी, वन डढेलो, बाढी, पहिरो जस्ता जोखिम रहेका छन् । ती जोखिमहरु बारम्बार दोहरिन्छन्। यसरी बारम्बार जोखिमहरु दोहरिने जिल्लाहरूमा बाँके, दाङ्ग र रूपन्देही पर्दछन्।

जल तथा मौसम विज्ञान विभागले सन् २०१७ मा प्रकाशन गरेको जलवायु तथ्याङ्कको विश्लेषण (सन् १९७१ देखि २०१४ सम्म) अनुसार प्रदेशका जिल्लाहरुमा वर्षाको प्रवृत्ति घट्दै गएको देखिन्छ। ती मध्ये रोल्पा जिल्लामा सबैभन्दा धेरै घट्दोक्रम ५.१९ मि.मि. प्रतिवर्ष छ भने, कपिलवस्तु जिल्लामा सबैभन्दा कम २.१७ मि.मि. प्रतिवर्ष घट्दोक्रम छ। १२ जिल्लामध्ये बाँके, बर्दिया, गुल्मी, पाल्पा र नवलपरासी सुश्ता पश्चिम जिल्लामा मात्र वर्षाको प्रवृत्ति बढेको छ।

बढ्दो तापक्रम र वर्षातमा विविधताका कारण हुनसक्ने विपद् तथा जलवायुजन्य जोखिमलाई आकलन गरी योजना तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने देखिन्छ। यसको आधारमा गर्मी मौसममा सुख्खाको जोखिम बढ्न गई जनजीवनमा प्रभाव पार्ने, पानीका स्रोतहरू सुक्ने, आगलागी बढ्नसक्ने पूर्वानुमान गर्न सकिन्छ। अतिवृष्टि, अनावृष्टि जस्ता मौसम परिवर्तनका असरले यस प्रदेशको कृषि उत्पादनलाई प्रभावित पार्ने गरेको पाईएको छ।

लुम्बिनी प्रदेशको १२ वटा जिल्लाको वार्षिक औषत अधिकतम तापक्रम बढ्दो छ। रुकुम पुर्वमा सबैभन्दा धेरै बढदो क्रम ०.०६४ डिग्री सेल्सियस छ भने बाँकेमा सबैभन्दा कम ०.०२ डिग्री सेल्सियस छ, जसका कारण विपद् तथा जलवायुजन्य प्रकोपका घट्ना बढने अनुमान गरिएको छ।

जलवायुजन्य जोखिम तथा प्राकृतिक विपद् स्वयंले कुनै विशेष वर्ग, जात, उमेर समूह आदिलाई लक्षित नगर्ने भए तापनि वर्ग, जात, उमेर समूह आदिका फरक सङ्कटासन्नता एवम् अनुकूलन क्षमताका आधारमा यसको प्रभाव फरक पर्दछ। विभिन्न प्रतिवेदनको अध्ययन तथा विश्लेषण र सरोकारवालाहरुसँग छलफल गर्दा जलवायु परिवर्तनको प्रभावले बढी मात्रामा महिला, अति विपन्न, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति, एकल महिला र बालबालिकाहरुलाई असर पर्ने गरेको देखिन्छ। त्यसमा पनि लुम्बिनी प्रदेशमा अल्पसंख्यक तथा विपन्न समुदायको समेत बसोबास रहेको हुँदा यस्ता वर्गहरुलाई अझ बढी प्रभाव पर्दछ।

### १.१.३ नीति तथा संस्थागत संरचना

### क. राष्ट्रिय नीतिगत तथा कानूनी व्यवस्था

नेपालको संविधानको धारा ५१ ले राज्यको समग्र व्यवस्थापनका लागि तर्जुमा गर्नुपर्ने नीतिहरुको बारेमा मार्गदर्शन गरेको छ। सोही धाराको खण्ड (छ) मा प्राकृतिक स्रोत संरक्षण, व्यवस्थापन र उपयोग सम्बन्धी नीति तर्जुमा गर्नुपर्ने उल्लेख रहेको छ। उल्लेखित प्रवधानका आधारमा नेपालमा वन, जैविक विविधता, वातावरण, जलवायु परिवर्तन, ऊर्जा, जलस्रोत, प्राकृतिक विपद् आदि सम्बन्धी विषयगत नीति तर्जुमा भई कार्यान्वयनमा छन्। राष्ट्रिय जलवायु परिवर्तन नीति २०७६ ले जलवायु उत्थानशील समाजको सृजना गरी राष्ट्रको सामाजिक तथा आर्थिक समृद्धिका लागि योगदान पुर्‍याउने लक्ष्य लिएको छ। वातावरण संरक्षण ऐन, २०७६ ले जलवायु परिवर्तनबाट स्थानीय समुदाय, पारिस्थितिकीय प्रणालीमा परेको प्रतिकूल असर तथा जोखिमको विषयमा आवधिक रुपमा अध्ययन गरी विवरण सार्वजनिक गर्नुपर्ने प्रावधान रहेको छ। सोही ऐनको दफा २४ मा जलवायु परिवर्तनको प्रतिकूल असर र जोखिमबाट बच्न राष्ट्रियस्तरमा मन्त्रालयले, प्रदेशस्तरमा प्रदेश सरकार र स्थानीय स्तरमा स्थानीय तहले अनुकूलन योजना बनाई कार्यान्वियन गर्ने प्रावधान उल्लेख छ। त्यस्तै सोही ऐनको दफा २५ ले मन्त्रालय, प्रदेश सरकार र स्थानीय तहले जलवायु परिवर्तन न्यूनीकरणको कार्यक्रम बनाई लागु गर्ने व्यवस्था रहेको छ। वातावरण संरक्षण नियमावली, २०७७ मा राष्ट्रिय अनुकूलन योजना बनाउनुपर्ने, हरितगृह ग्याँस उत्सर्जन गर्ने क्षेत्र ऊर्जा, उद्योग, कृषि, वन तथा अन्य भु-उपयोग र फोहोरमैला न्यूनीकरणका कार्य गर्नुपर्ने र विवरण प्रत्येक १० वर्षमा अद्यावधिक गर्नुपर्ने प्रावधान रहेको छ। नदी तथा जल उत्पन्न

विपद् व्यवस्थापन राष्ट्रिय नीति, २०८० ले नदी तथा जलाधार क्षेत्रको उचित संरक्षण र व्यवस्थापन गरी जल उत्पन्न विपद्बाट सिर्जित जोखिमलाई न्यूनीकरण गर्दै जलवायु परिवर्तनबाट हुने जोखिमलाई अनुकूलन गर्ने लक्ष्य लिएको छ।

विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५ ले एकीकृत जलस्रोतको व्यवस्थापन गर्ने प्रावधानहरु उल्लेख गरेको छ । नदी तथा जल उत्पन्न विपद् व्यवस्थापन राष्ट्रिय नीति, २०८० को उद्देश्य (नं. ८.४) मा पनि नदी तथा जल उत्पन्न विपद् व्यवस्थापन कार्यमा जलवायु परिवर्तनको असर समेत आकलन गरी उपयुक्त प्रविधिको अवलम्बन गर्ने कुरा उल्लेख छ।
नेपालले संयुक्त राष्ट्र संघीय जलवायु परिवर्तन सम्बन्धी महासन्धि (UNFCCC) मा प्रतिबद्धता जनाएकाले नेपालको दीर्घकालीन शुन्य उत्सर्जन (Nepal's Long-term Strategy for Net-zero Emissions) रणनीतिले नेपाल सन् २०४५ मा शुन्य उत्सर्जनमा पुग्ने महत्वाकांक्षा राखेको छ। उक्त लक्ष्य पुरा गर्न वनको फडानी र खण्डीकरण रोक्ने, स्वच्छ ऊर्जा उत्पादन र उपयोग, फोहोर व्यवस्थापन तथा हरित अर्थतन्त्र प्रवर्द्धन गर्ने रणनीतिहरु लिइएको छ । तेश्रो राष्ट्रिय निर्धारित योगदान २०२५ ले सन् २०३५ सम्म नेपालको हरितगृह ग्याँस उत्सर्जन ६२,०५६.४९ गीगाटन पुग्ने आकलन गरिएकोमा उक्त योगदानको प्रभावकारी कार्यान्वयनबाट २६.७९ प्रतिशत उत्सर्जन घटाउने लक्ष्य राखिएको छ। तर यो लक्ष्य पुरा गर्न अन्तर्राष्ट्रिय स्तरबाट प्राप्त हुने जलवायु वित्तमा निर्भर हुनेछ। तेश्रो राष्ट्रिय निर्धारित योगदान कार्यान्वयनको लागि ७३.७४ विलीयन अमेरिकी डलर आवश्यक पर्ने र त्यसमध्ये ८५ प्रतिशत बजेट अन्तर्राष्ट्रिय जलवायु वित्तबाट प्राप्त हुने आकलन छ। राष्ट्रिय अनुकूलन योजना (सन् २०२१ देखि २०५०) ले जलवायु उत्थानशील समाजको निर्माण गर्ने लक्ष्य लिएको छ। योजनाका कार्यक्रमहरु कार्यान्वयन गर्न सन् २०३० सम्मको लागि २१ विलियन अमेरिकी डलर र २०५० सम्मको लागि ४७.४ विलियन अमेरिकी डलर बजेट आवश्यक पर्ने प्रक्षेपण गरेको छ। प्रक्षेपण गरिएको बजेट मध्ये अन्तर्राष्ट्रिय स्रोतबाट ९७ प्रतिशत र आन्तरिक स्रोतबाट ३ प्रतिशत प्राप्त हुने अनुमान गरिएको छ । तथापि, अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र को अध्ययन, २०२५ ले नेपालमा नेपालको राष्ट्रिय निर्धारित योगदानको कार्यान्वयनमा ८० प्रतिशत र राष्ट्रिय अनुकूलन योजना कार्यान्वयनमा ८५ प्रतिशत सम्म बजेट अपुग भएको कुरा उल्लेख गरेको छ । नेपालको जैविक विविधता रणनीति र कार्ययोजना (NBSAP 2026-2030) ले जैविक विविधता उत्थानशीलता र समृद्धिका लागि भन्ने मार्गदर्शनका साथ जलवायु परिवर्तन अनुकूलन र न्यूनीकरणलाई प्राथमिकतामा राखेको छ।

**ख. प्रादेशिक नीति, कानून र योजना**

लुम्बिनी प्रदेशको वातावरण संरक्षण ऐन,२०७७, प्रदेश वातावरण संरक्षण नियमावली, २०७७, प्रदेश वन ऐन,२०७८ र प्रदेश वन नियमावली,२०७९ कार्यान्वयन भई प्रदेश वन क्षेत्रको व्यवस्थापन गर्दै वन, वनस्पती, प्राणी तथा प्राणीजन्य जैविक संरक्षणका साथै जलवायु परिवर्तन तथा विपद् जोखिम सम्बन्धी कार्यहरु भईरहेको छ। लुम्बिनी प्रदेशमा प्रदेश विपद् व्यवस्थापन ऐन,२०८१ प्रदेश विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना,२०७९-२०८७ प्रदेशको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्ने आधारस्तम्भको रुपमा रहेका छन् । वन डढेलो रोकथाम, नियन्त्रण तथा व्यवस्थापन आकस्मिक योजना,२०८१ ले प्रदेशको वन डढेलो व्यवस्थापन गर्ने सम्बन्धमा मार्गदर्शन गरेको छ।
प्रदेशको दिगो विकास र समृद्धिको चाहानालाई मूर्तरुप दिन प्रदेश सरकारले दोस्रो आवधिक योजना (२०८१/०८२ देखि २०८५/०८६) तर्जुमा गरेको छ । दोस्रो पञ्चवर्षीय विकास योजनाले ***'समृद्ध लुम्बिनी, खुशी नागरिक'*** बनाउने दीर्घकालीन सोच र दिगो तथा समावेशी आर्थिक विकास सहितको सामाजिक न्यायमा आधारित समुन्नत समाज निर्माण गर्ने लक्ष्य लिएको छ। योजनाले वन र वातावरण क्षेत्रलाई छुट्टै परिच्छेदमा राखी हरित अर्थतन्त्र, वन व्यवस्थापन,

वातावरण र जैविक विविधता संरक्षण, जलाधार क्षेत्र, जलवायु परिवर्तन तथा मानव-वन्यजन्तु द्वन्द्व जस्ता क्षेत्रहरुलाई महत्वका साथ विश्लेषण गरी कार्यान्वयन गर्ने रणनीति, कार्यनीति र परिमाणात्मक लक्ष्यहरु उल्लेख गरेको छ।

पञ्चवर्षीय योजना लागु गर्न कूल लागत रु १,४९,९०६ करोड अनुमान गरिएकोमा पहिलो प्राथमिकतामा कृषि, वन तथा मत्स्य क्षेत्रहरुलाई रु १६,७६५ करोड (११.१८%) छुट्याइएको छ।

**ग. जलवायु परिवर्तन व्यवस्थापन**

तत्कालीन वन तथा वातावरण मन्त्रालयको सङ्कटासन्नता तथा जोखिम आकलन प्रतिवेदन २०७८ अनुसार नेपालका सात प्रदेशमध्ये लुम्बिनी प्रदेश रोग किराको महामारी, आगलागी, वन डढेलो, बाढी तथा पहिरो जस्ता प्रकोपहरुको जोखिमका आधारमा सातौ तथा जलवायुजन्य जोखिमको प्रभावको आधारमा पाँचौ स्थानमा रहेको छ। प्रदेशको भौगोलिक विविधता अनुसार तापक्रम वृद्धिदर, वर्षा, सुख्खा र खडेरीका प्रभाव असमान छन्। उच्च पहाडी क्षेत्रमा तापमान वृद्धिदर तराई भित्री मधेशमा भन्दा बढी छ भने वर्षा हुने समय घटिरहेको तथा वर्षाको सघनतामा बृद्धि भइरहेको छ। जलवायु परिवर्तनको व्यवस्थापनमा सबै क्षेत्रसँगको समन्वय, सहकार्य, विपद् जोखिम बिश्लेषण, पूर्वतयारी र प्रभावका क्षेत्रको  प्राथमिकीकरण सहितको जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरण योजनाको तयारी र प्रभावकारी कार्यान्वयनको आवश्यकता छ। लुम्बिनी प्रदेश वन, वातावरण तथा पर्यटन मन्त्रालयले जलवायु परिवर्तन व्यवस्थापन गर्न सम्बन्धित राष्ट्रिय नीतिहरु, अनुकूलन योजना तथा तेश्रो निर्धारित योगदान अनुकूल आवश्यक नीतिगत प्रावधानको तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने छ। स्थानीय तहले संघ र प्रदेश सरकारको नीतिगत प्रावधान अनुसार आ-आफ्ना कानूनी प्रावधानको तर्जुमा गरी कार्यान्वयन गर्नेछन्। प्रदेश सरकारबाट सञ्चालित जलवायु परिवर्तन सम्बन्धी विषय हेर्ने वन, वातावरण तथा पर्यटन मन्त्रालयले अनुगमन गरी सम्बन्धित निकाय तथा संघ संस्थालाई पृष्ठपोषण गर्नेछ।

**घ. प्रादेशिक प्राथमिकीकरण**

लुम्बिनी प्रदेशले दोस्रो पञ्चबर्षीय योजनामा विकासको तथ्यपरक योजना तथा कार्यक्रम प्रस्तुत गरेको छ। विषयगत क्षेत्रका सम्भावित विकास कार्यक्रम आवश्यकताका आधारमा एकीकृत योजनाका रुपमा प्रस्तुत गरेको छ। योजनाले कृषि, पर्यटन, उद्योग, मानव संसाधन र भौतिक पूर्वाधार विकासलाई प्राथमिकीकरण गरेको छ। आयोजनाले समन्यायिक र समानतालाई प्रवर्द्धन गर्न अन्तर सम्बन्धित कार्यक्रम लैङ्गिक समावेशीकरण, सुशासन विकास, वन तथा वातावरण, जलवायु परिवर्तन अनुकूलन र न्यूनीकरणका साथै विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यक्रम पनि समावेश गरिएका छन्।

दोस्रो आवधिक योजनाको नतिजाको लागि प्रक्षेपित खाकामा प्रस्तुत विषयगत क्षेत्रका कार्यक्रम अध्ययन गर्दा प्रदेशमा २०८५/०८६  सम्ममा थप ७० मेगावाट जलविद्युत उत्पादन गर्ने र शत-प्रतिशत घरधुरीमा विद्युतको पहुँच पुर्याउने लक्ष्य लिएको छ। प्रदेशले विद्युतीय चुलो तथा विद्युतीय सवारी साधनमा प्राथमिकता दिने, परम्परागत खाना पकाउने उर्जालाई विद्युतीय उर्जाले प्रतिस्थापन गर्ने, सडक बत्तीको लागी सौर्य उर्जा प्रयोग गर्ने कार्यनीति लिएको छ। त्यस्तै हरित अर्थतन्त्र अन्तर्गत निजी वन, कृषिवन, सडक किनारा तथा नदि उकासको जग्गामा बृक्षारोपण गर्ने लक्ष्य लिएको छ। वनले ढाकेको

क्षेत्रफल ५७.०२ प्रतिशत कायम राखी वनको दिगो व्यवस्थापन गर्दै काठ उत्पादनमा आत्मनिर्भर बन्नुको साथै हरित रोजगारीका अवसरहरु सिर्जना गर्ने लक्ष्य लिएको छ।

**ङ. संस्थागत संरचना**

लुम्बिनी प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ बमोजिम प्रदेशस्तरको वातावरण संरक्षण, व्यवस्थापन र यस सम्बन्धी कानून, नियम, मापदण्ड, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने जिम्मेवारी वन, वातावरण तथा पर्यटन मन्त्रालयलाई तोकिएको छ। तथापि जलवायु परिवर्तनसंग सम्बन्धित कार्य क्षेत्रगत निकायहरुको साझा दायित्व भित्र पर्दछ। यसका लागी मुख्यरुपमा प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश योजना आयोगले प्रदेशस्तरीय विकास नीति, प्राथमिकता, आवधिक तथा क्षेत्रगत योजना र वार्षिक विकास कार्यक्रम तर्जुमा गर्दा जलवायु न्यूनीकरण र अनुकूलनका योजना तथा कार्यक्रको मुलप्रवाहीकरण गर्ने प्रमुख भूमिका रहेको छ। रणनीतिक कार्ययोजनाको कार्यान्वयनमा क्षेत्रगत निकाय, स्थानीय तह, निजीक्षेत्र, समुदाय तथा विकास साझेदार तथा गैरसरकारी संघ संस्थाहरुको समेत महत्वपूर्ण भूमिका रहन्छ।

## १.२. रणनीतिक कार्ययोजनाको आवश्यकता

जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरणका लागि नेपालमा विभिन्न किसिमका प्रयासहरु भएका छन्। जलवायु परिवर्तन नीति २०७६, राष्ट्रिय अनुकूलन योजना २०७८ र तेस्रो राष्ट्रिय निर्धारित योगदान २०८२ जस्ता राष्ट्रिय नीति तथा योजना तर्जुमा भएका छन्। सो अनुरुप कार्यक्रम अगाडि बढाउँदै जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरणका कार्य गर्ने प्रतिबद्धता नेपाल सरकारले विभिन्न अन्तर्राष्ट्रिय सन्धि र सम्झौतामा व्यक्त गरेको छ। यी नीति तथा योजनालाई प्राप्त गर्न सबै प्रदेशहरुले उक्त नीतिको मूलप्रवाहीकरण गरी आवश्यकता तथा क्षमता अनुरुप योगदान पुर्‍याउनु पर्दछ। त्यसैले जलवायु परिवर्तन नीति तथा राष्ट्रिय निर्धारित योगदानको लक्ष्य पुर्तिको लागि प्रदेशगत रुपमा जलवायु परिवर्तन सम्बन्धी नीतिको आवश्यकता परेकोले लुम्बिनी प्रदेशले यो रणनीतिक कार्ययोजना जारी गरेको छ।

संघीय संरचना अनुरुप जलवायु परिवर्तनका मुद्दाहरुलाई सबै तहका सरकारका नीति तथा कार्यक्रममा एकीकृत र मूलप्रवाहीकरण गर्दै जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनसँग सम्बन्धित कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्न एवम् जलवायुमैत्री विकासद्वारा नेपाल सरकारले लिएको “समृद्ध नेपाल, सुखी नेपाली” तथा लुम्बिनी प्रदेश सरकारको “समृद्ध लुम्बिनी, खुशी नागरिक” को अवधारणालाई टेवा पुर्‍याउनका लागि यो रणनीतिक कार्ययोजना सहयोगी हुनेछ।

### १.२.१. रणनीतिक कार्ययोजना तर्जुमा प्रक्रिया

रणनीतिक कार्ययोजना तर्जुमा गर्दा संघ, प्रदेश र स्थानीय सरकार तथा सम्बद्ध समुदायका प्रतिनिधि र सरोकारवालाहरूसँगको परामर्श र पृष्ठपोषणको आधारमा गरिएको हो। साथै रणनीतिक कार्ययोजना तर्जुमाको क्रममा सम्बद्ध प्राज्ञिक र अन्य सन्दर्भ सामग्रीको अध्ययन तथा विश्लेषण गरिएको छ।

रणनीतिक कार्ययोजनाको तयारी प्रक्रियामा निम्न अनुसारको विधि तथा चरणहरु अवलम्बन गरिएको छ

- सन्दर्भ सामग्रीको अध्ययन र विश्लेषण, जलवायु सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि-सम्झौता, राष्ट्रिय प्रयास, प्रदेशको नीति तथा कार्ययोजना विश्लेषण,

- जलवायु परिवर्तनसँग सम्बन्धित सरोकारवालाहरुको पहिचान तथा संलग्नताको विश्लेषण,
- प्रदेशको वातावरण तथा जलवायु परिवर्तन सम्बन्धी नीति क्रियाकलापको प्राथमिकता र कार्ययोजनाको विश्लेषण,
- प्रदेशमा बहुसरोकारवालाहरुको संलग्नतामा जलवायु परिवर्तन रणनीतिक कार्ययोजना प्रारम्भ गोष्ठी,
- प्रदेशस्तरीय गोष्ठी र विषयगत संयन्त्रहरुबाट राय-सुझाव संकलन गरी मस्यौदालाई अन्तिम रुप ।

रणनीतिक कार्ययोजना तयार पर्दा अवलम्बन गरिएको विधि र प्रक्रिया चित्र १ मा प्रस्तुत गरिएको छ।




चित्र १- लुम्बिनी प्रदेश जलवायु परिवर्तन रणनीतिक कार्ययोजना तर्जुमा प्रक्रियाको सार-संक्षेप

# परिच्छेद २

# जलवायु परिवर्तन रणनीतिक कार्ययोजना

## २.१. दुरदृष्टि

जलवायु उत्थानशील दिगो र समावेशी विकास उन्मुख समृद्ध लुम्बिनी प्रदेश।

## २.२. लक्ष्य

जलवायु उत्थानशील समाज एवं पारिस्थितिकीय प्रणालीको विकास गरी प्रदेशको आर्थिक एवं सामाजिक समृद्धिमा योगदान पुर्याउने।

## २.३. उद्देश्यहरु

क. सङ्कटासन्न र जोखिममा रहेका क्षेत्रहरु र समुदायको अनुकूलन क्षमता अभिवृद्धि गर्ने

ख. सङ्कटासन्न पारिस्थितिकीय प्रणालीको उत्थानशीलता विकास गर्ने

ग. कार्बन उत्सर्जन न्यूनीकरण, सञ्चिति र हरित अर्थतन्त्रको प्रवर्द्धन गर्ने

घ. जलवायु परिवर्तन व्यवस्थापन कार्यको लागि आन्तरिक र बाह्य जलवायु वित्तको सुनिश्चित गर्ने र उपलब्ध स्रोतको न्यायोचित र प्रभावकारी परिचालन गर्ने

ङ. जलवायु परिवर्तन सम्बन्धमा अनुसन्धान र प्रविधि विकास गर्ने

च. विकास कार्यक्रममा जलवायु परिवर्तनको विषयलाई मूलप्रवाहीकरण गर्दै संस्थागत गर्ने

छ. जलवायु परिवर्तन सम्बन्धी कार्यक्रमहरूमा लैङ्गिक तथा सामाजिक समावेशीकरणको विषयलाई आन्तरिकीकरण गर्ने

## २.४. रणनीतिक कार्ययोजनाका विषयगत क्षेत्रहरू:

### २.४.१. कृषि तथा खाद्य सुरक्षा

लुम्बिनी प्रदेशको कुल क्षेत्रफलको २९ प्रतिशत जमिन खेतीयोग्य रहेको छ। प्रदेशको झण्डै दुइ तिहाइ जनसंख्याको जीविकोपाजर्नको मुख्य स्रोत कृषि क्षेत्र हो। प्रदेशको कुल खेतीयोग्य जमीन मध्ये ८२.२ प्रतिशत जमिनमा मात्र खेती गरिएको छ। नवलपरासी पश्चिम-सुस्ता देखि बर्दियासम्मको तराइ, भित्री मधेशको जग्गा र पहाडी उपत्यकाका फाँटहरू प्रदेशका उर्वर जमीन हुन्। सिंचित क्षेत्रको विस्तार, गुणस्तरीय कृषि उत्पादनहरुको उपलब्धता, उत्पादनको बजारीकरणमा वृद्धिको सम्भावना रहेको छ। यस प्रदेशको कृषि क्षेत्रमा प्रमुख समस्याका रुपमा आधुनिक कृषि उपकरणको अभाव, सिँचाइ सुविधाको अभाव, वैज्ञानिक प्रविधि कृषि प्रणालीमा प्रयोग नहुनु, कृषि क्षेत्रमा सरकारी लगानी कम हुनु, कृषियोग्य जमिन बाँझो जग्गामा परिणत हुनु आदि पर्दछन। परम्परागत निर्वाहमुखी खेती प्रणालीलाई आधुनिकीकरण र व्यावसायीकरण बनाउनु, प्रतिस्पर्धी क्षमता बढाउनु, बर्षैभरी सिँचाइ सुविधा उपलब्ध नहुनु तथा कृषि बालिमा वन्यजन्तुको कारणले हुने हानि-नोक्सानि कृषि क्षेत्रका प्रमुख चुनौतिहरु हुन्। खासगरी पहाडमा बाँदर र तराइ तथा भित्री मधेशमा बदेलको संख्या वृद्धि हुँदा कृषि बालीको हानी-नोक्सानी बढेको छ। जलवायु परिवर्तनको कारण उत्पन्न भएको चरम खडेरी र भारी वर्षाले निम्त्याएको बाढीका कारण पनि कृषि क्षेत्र र खाद्य सुरक्षामा असर गर्ने क्रम

बढेको छ। राष्ट्रिय जलवायु परिवर्तन नीति,२०७६ ले जलवायुमैत्री कृषि प्रणाली अवलम्वन गरी खाद्य सुरक्षा, पोषण तथा जीविकोपार्जनमा सुधार गर्ने नीति लिएको छ। उक्त नीतिलाइ प्रदेशस्तरमा मूलप्रवाहीकरण गरी कृषि तथा खाद्य सुरक्षा क्षेत्रको चुनौतिहरुको सामना गर्न ८ वटा रणनीति र ३६ वटा क्रियाकलाप प्रस्ताव गरिएका छन्। उक्त क्रियाकलाप सञ्चालन गर्नका लागि रु. २८०० करोड अनुमानित लागत प्रक्षेपण गरी विस्तृत विवरण तालिका २.४.१.२. मा प्रस्तुत गरिएको छ।

### २.४.१.१. कृषि तथा खाद्य सुरक्षा सम्बन्धी रणनीति

क. प्रदेश भू-उपयोग नीति र भू-उपयोग ऐनको तर्जुमा गरी यसको कार्यान्वयनबाट भूमिको समुचित व्यवस्थापन गर्ने,
ख. जलवायु उत्थानशील खेती प्रणालीको प्रवर्द्धन गर्ने,
ग. संरक्षित खेती प्रणालीको विकास, प्रवर्द्धन र विस्तार गर्ने,
घ. सामुदायिक अन्न भण्डार (धर्म भकारी) प्रवर्द्धन गर्ने,
ङ. कृषि उपजको उत्पादन, उत्पादकत्व वृद्धि गर्ने, खाद्य सुरक्षा र प्रतिस्पर्धी क्षमता विकास गर्ने,
च. जलवायु परिवर्तनले बालीमा पारेको प्रभाव, डुवान र सुख्खा खडेरी सहनसक्ने स्थानीय बालीको अनुसन्धान तथा विकास गर्ने,
छ. पशु आहार, चरण क्षेत्र विकास र प्रवर्द्धन गर्ने र
ज. कृषि व्यवसाय र कृषि उद्यम विकास प्रवर्द्धन गर्ने।

### २.४.१.२. कृषि तथा खाद्य सुरक्षा सम्बन्धी रणनीतिक क्रियाकलाप

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | | समय सिमा<br>अल्पकालीन (३ बर्ष भित्र )<br>मध्यकालीन (६ बर्ष भित्र)<br>दीर्घकालीन (१० बर्ष) | अपेक्षित प्रतिफल |
|---|---|---|---|---|---|
| | | मुख्य निकाय | सहयोगी निकाय | | |
| **क. प्रदेश भू-उपयोग नीति र भू-उपयोग ऐनको तर्जुमा गरी यसको कार्यान्वयनबाट भुमिको समूचित व्यवस्थापन गर्ने (अनुमानित लागत रू ५०० करोड)** | | | | | |
| १ | भूउपयोग नीति, कानून, योजना तथा मापदण्ड निर्माण गरी लागु गर्ने | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय तथा स्थानीय तह | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालय, विषयगत मन्त्रालयहरु, विकास साझेदार तथा गैरसरकारी संघ संस्थाहरु तथा गैरसरकारी संघ संस्थाहरु | मध्यमकालीन | भूउपयोग नीति, कानून र मापदण्ड तर्जुमा भई प्रदेश तथा स्थानीय तहमा कार्यन्वयन गरेको हुने। |
| २ | तुलनात्मक र प्रतिस्पर्द्धात्मक लाभ भएका कृषि बालीको छनौट गरी प्रवर्द्धन गर्ने | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | कृषि ज्ञान केन्द्र, स्थानीय तह, निजीक्षेत्र तथा स्थानीय सँघ संस्था | दीर्घकालीन | तुलनात्मक र प्रतिस्प्रर्द्धि लाभ भएका कृषि बालीको छनौट तथा खेती भएको हुने |
| ३ | बाँझो र कम उत्पादन क्षमता भएका जमिनमा बहुबर्षे बाली, फलफूल, जडिबुटी, कृषि र पशुपालन प्रवर्द्धन गर्ने | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | स्थानीय तह, स्थानीय संघ संस्था तथा निजीक्षेत्र | दीर्घकालीन | बाँझो र कम उत्पादन क्षमता भएका जमीन प्रभावकारी रुपले सदुपयोग भएको हुने |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | सिमसार क्षेत्रमा मत्स्यपालन प्रवर्द्धन गर्ने | कृषि, भूमि व्यवस्थापपन तथा सहकारी मन्त्रालय | वन, वातावरण तथा पर्यटन मन्त्रालय, स्थानीय तह | दीर्घकालीन | सिमसार क्षेत्रमा मत्स्यपालन प्रवर्द्धन भएको हुने |
| ५ | नदी उकास जमीनको उपयोग गर्नको लागि नीति र कानुनी संरचना तर्जुमा  तथा कार्यन्वयन गर्ने | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, वन, वातावरण तथा पर्यटन र सम्बन्धित मन्त्रालय | अल्पकालीन | प्रदेश स्तरीय नीति तथा कानूनी संरचना तर्जुमा भएको हुने |
| **ख. जलवायु उत्थानशील खेती प्रणालीको प्रवर्द्धन गर्ने  (अनुमानित बजेट रु ५५० करोड)** | | | | | |
| १ | जलवायु अनुकूलका कृषि बालीको पहिचान गर्ने | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | स्थानीय तह,  संघ संस्था तथा निजीक्षेत्र | अल्पकालीन | जलवायु अनुकूलका कृषि बाली पहिचान भएको हुने |
| २ | स्थानीय तहसँगको सहलगानीमा बिउ (जिन) बैंक स्थापना गर्ने | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, स्थानीय तह | संघ संस्था तथा निजीक्षेत्र | मध्यकालीन | भौगोलिक क्षेत्रको प्रतिनिधित्व हुने गरी बिउ (जिन) बैंक स्थापना भएको हुने |
| ३ | स्थानीय  र परम्परागत बाली  संरक्षण तथा प्रवर्द्धन गर्ने | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | स्थानीय तह,  संघ संस्था तथा निजीक्षेत्र | दीर्घकालीन | स्थानीय  र परम्परागत बाली संरक्षण भएको हुने |
| ४ | कम्पोष्ट (प्राङ्गारिक) मल तथा जैविक विषादिको उत्पादन गर्ने उद्योग स्थापनाका लागि आवश्यक प्राविधिक तथा वित्तिय सहयोग  उपलब्ध गराउने। | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | स्थानीय तह, निजीक्षेत्र, गैरसरकारी संघ संस्थाहरु, कृषक समुह | दीर्घकालीन | प्राङ्गारिक मल तथा जैविक विषादी सहज उपलब्ध भएको हुने |
| ५ | कृषि उत्पादन देखि बजारीकरणसम्मका मूल्य तथा आपूर्ति श्रृङ्खला (Value Chain) प्रवर्द्धन गर्ने। | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | स्थानीय तह, निजीक्षेत्र, गैरसरकारी संघ संस्थाहरु, कृषक समुह | मध्यकालीन | खेती प्रणाली, बजारीकरण तथा आपुर्ति श्रृखला प्रवर्द्धन  भएको हुने |
| ६ | माटो परीक्षण सुविधा उपलब्ध गर्ने | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | स्थानीय तह, निजीक्षेत्र, गैरसरकारी संघ संस्थाहरु, कृषक समुह | दीर्घकालीन | सवै भौगोलिक क्षेत्रको प्रतिनिधित्व र कृषकको पहुँच हुने गरी माटो परीक्षण केन्द्रहरु  स्थापना भएको हुने |
| ७ | बधुवा पशुपालनमा प्रवर्द्धन गर्न गोठ तथा खोर सुधारमा सहुलियत प्रदान गर्ने। | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | स्थानीय तह, निजीक्षेत्र, गैरसरकारी संघ संस्थाहरु, कृषक समुह | मध्यकालीन | सुधारिएको गोठ तथा बधुवा पशुपालनमा प्रवर्द्धन भएको हुने। |
| ८ | जैविक विषादी सम्बन्धी स्थानीय ज्ञान र सीपको पहिचान, प्रवर्द्धन र उन्नत प्रविधि विकास विस्तार गर्ने | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | स्थानीय तह, निजीक्षेत्र, गैरसरकारी संघ संस्थाहरु, कृषक समुह | दीर्घकालीन | जैविक विषादि सम्बन्धि स्थानीय ज्ञान र सीपको प्रवर्द्धन भएको हुने |
| ९ | बाली सुधारका लागि अगुवा कृषकलाई प्रशिक्षक प्रशिक्षण तालिम तथा कृषक पाठशाला स्थापना गर्ने | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | स्थानीय तह, निजीक्षेत्र, गैरसरकारी संघ संस्थाहरु, कृषक समुह | दीर्घकालीन | कृषक पाठशाला स्थापना भएको हुने |
| १० | कृषकहरुलाई मौसम सम्बन्धी सूचनाका सेवा प्रवाह गर्ने | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय र जल तथा मौसम विज्ञान विभाग तथा कार्यलय | स्थानीय तह, निजीक्षेत्र, गैरसरकारी संघ संस्थाहरु, कृषक समुह | दीर्घकालीन | मौसम सम्बन्धी सूचनाका सेवा प्रवाह भएको हुने |
| ११ | लैङ्गिकमैत्री कृषि औजार र यन्त्र उपलब्धतामा सहयोग गर्ने | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | स्थानीय तह, निजीक्षेत्र, गैरसरकारी संघ संस्थाहरु, कृषक समुह | दीर्घकालीन | लैङ्गिकमैत्री कृषि औजार र यन्त्र उपलब्ध भएको हुने |
| **ग. संरक्षित खेती प्रणालीको विकास, प्रवर्द्धन र विस्तार गर्ने (अनुमानति बजेट रु १५० करोड)** | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १ | बाली चक्र प्रणाली अवलम्बन गर्ने | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | स्थानीय तह, निजीक्षेत्र, गैरसरकारी संघ संस्थाहरु, कृषक समुह | दीर्घकालीन | बाली चत्र प्रणाली अवलम्बन भएको हुने |
| २ | संरक्षण पोखरी निर्माण तथा थोपा सिँचाई प्रवर्द्धन गर्ने | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | स्थानीय तह, निजीक्षेत्र, गैरसरकारी संघ संस्थाहरु, कृषक समुह | दीर्घकालीन | पानीको किफायति प्रयोग भएको हुने |
| **घ. सामुदायिक अन्न भण्डार (धर्म भकारी) प्रवर्द्धन गर्ने । (अनुमानति बजेट रु ३०० करोड)** | | | | | |
| १ | स्थानीय वडा, सहभागी घरधुरीको प्रयासमा संस्थागत कार्यसञ्चांलन विधिको निर्माण गरी सञ्चालन गर्ने | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | स्थानीय तह, निजीक्षेत्र, गैरसरकारी संघ संस्थाहरु, कृषक समुह | अल्पकालीन | कार्यसञ्चालन विधिको तर्जुमा भई कार्यान्वयन भएको हुने |
| २ | अन्न भण्डारको आवश्यक पूर्वाधार जोखिम आकलन गरी निर्माण गर्ने | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | स्थानीय तह, निजीक्षेत्र, गैरसरकारी संघ संस्थाहरु, कृषक समुह | दीर्घकालीन | अन्न भण्डारको पुर्वाधार विकास भएको हुने । |
| ३ | सबै घर परिवारको सहभागिता र स्थानीयको अनुदानमा अन्नको जगेर्ना गर्ने | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | स्थानीय तह, निजीक्षेत्र, गैरसरकारी संघ संस्थाहरु, कृषक समुह | दीर्घकालीन | कृषि अनुदान र अन्नको जगेर्ना भएको हुने । |
| **ङ. कृषि उपजको उत्पादन, उत्पादकत्व वृद्धि गर्ने, खाद्य सुरक्षा र प्रतिस्पर्धी क्षमता विकास गर्ने (अनुमानित बजेट रु २००करोड लाखमा)** | | | | | |
| १ | सिंन्चित क्षेत्रको विस्तारसंगै सघन बाली प्रणाली अपनाउन प्रोत्साहन गर्ने | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | स्थानीय तह, निजीक्षेत्र, गैरसरकारी संघ संस्थाहरु, कृषक समुह | दीर्घकालीन | सिचाई क्षेत्रको विस्तार र सघन बाली प्रणाली प्रवर्ध्दन भएको हुने |
| २ | उच्च मुल्यका बाली पहिचान र प्रवर्द्धन गर्ने | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | स्थानीय तह, निजीक्षेत्र, गैरसरकारी संघ संस्थाहरु, कृषक समुह | अल्पकालीन | बालकिो पहिचान भई, कृषकहरुलाई मुल्य श्रृखलाको बारेमा जानकारी प्राप्त भएको हुने |
| ३ | स्मार्ट कृषिगाउँ र कृषि प्रणाली लागु गर्ने | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | स्थानीय तह र विकास साझेदार तथा गैरसरकारी संघ संस्थाहरु | मध्यकालीन | ४० वटा स्थानीय तहमा लागु भएको हुने |
| ४ | कृषि प्रविधि र सेवा गुणस्तरमा सबैको पहुँच बढाउने | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | विश्वविद्यालय, कृषि सामग्री कम्पनी लिमिटेड, स्थानीय तह, विकास साझेदार तथा गैरसरकारी संघ संस्थाहरु | अल्पकालीन | सेवामा पहुँच भएको हुने |
| ५ | प्रदेशस्तरीय साना मझौला सिँचाइ आयोजनाहरु सञ्चालन गर्ने | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | संघीय मन्त्रालय\विभाग, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, स्थानीय तह र निजीक्षेत्र | दीर्घकालीन | वर्षभर सिँचाइ हुने खेतको क्षेत्रफल बृद्धिभएको हुने |
| **च. जलवायु परिवर्तनले बालीमा पारेको प्रभाव, डुबान र सुख्खा खडेरी सहनसक्ने स्थानीय बालीको अनुसन्धान तथा विकास गर्ने (अनुमानित बजेट रु ३०० करोड)** | | | | | |
| १ | डुवान, सुख्खा खडेरी सहनसक्ने रैथाने बालीको विकास तथा कम समयमा पाक्ने बाली सम्बन्धी अध्ययन प्रतिवेदन तयार गर्ने | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | विश्वविद्यालय, स्थानीय तह, विकास साझेदार तथा गैरसरकारी संघ संस्थाहरु | अल्पकालीन | प्रतिवेदन तयार भएको हुने । |
| २ | कृषि क्षेत्रमा हुने हानि-नोक्सानी विश्लेषण, क्षति आकलन अध्ययन खाका तयार गर्ने | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | विश्वविद्यालय, स्थानीय तह, विकास साझेदार तथा गैरसरकारी संघ संस्थाहरु | अल्पकालीन | अध्ययन खाका तयार भएको हुने । |
| ३ | कृषि बालीमा लाग्ने विभिन्न रोग, किराहरुका बारेमा अध्ययन अनुसन्धान गर्ने | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | विश्वविद्यालय, स्थानीय तह, विकास साझेदार तथा गैरसरकारी संघ संस्थाहरु | मध्यकालीन | अध्ययन अनुसन्धान प्रतिवेदन तयार भएको हुने । |
| **छ. पशु आहार, चरण क्षेत्र विकास र प्रवर्द्धन गर्ने (अनुमानित बजेट रु ४०० करोड)** | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १ | पशुपालनका लागि निजी र सार्वजनिक जग्गामा कृषिवन प्रणाली मार्फत डाले घाँसको प्रर्वद्धन गर्ने। | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | वन, वातावरण तथा पर्यटन मन्त्रालय, स्थानीय तह, विकास साझेदार तथा गैरसरकारी संघ संस्थाहरु | दीर्घकालीन | कृषि वनको क्षेत्रफल बृद्धि र डालेघास व्यवस्थापन भएको हुने |
| २ | चरी चरण क्षेत्रको व्यवस्थापन गर्ने | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | वन, वातावरण तथा पर्यटन मन्त्रालय, स्थानीय तह, विकास साझेदार तथा गैरसरकारी संघ संस्थाहरु | मध्यकालीन | चरण क्षेत्रको व्यवस्थापन भएको हुने |
| ३ | पशु आहार तथा दाना उत्पादन गर्ने, प्रशोधन गर्ने स्वदेशी उद्योगलाई प्रवर्द्धन गर्ने | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालय, स्थानीय तह, विकास साझेदार तथा गैरसरकारी संघ संस्थाहरु र निजीक्षेत्र | दीर्घकालीन | पशुआहार तथा दाना उत्पादन गर्ने, प्रशोधित गर्ने स्वदेशी उद्योग प्रवर्द्धन भएको हुने |
| **ज. कृषि व्यवसाय र कृषि उद्यम विकास प्रवर्द्धन गर्ने (अनुमानित बजेट रु ४०० करोड)** | | | | | |
| १ | कृषी बाली तथा पशु बीमा व्यवस्था गर्ने | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | स्थानीय तह, विकास साझेदार तथा गैरसरकारी संघ संस्थाहरु र निजीक्षेत्र | अल्पकालीन | कार्यविधि तर्जुमा भई कार्यान्वयन भएको हुने |
| २ | कृषि बालीको लागि बजारीकरणको व्यवस्थापन गर्ने | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | स्थानीय तह, विकास साझेदार तथा गैरसरकारी संघ संस्थाहरु र निजीक्षेत्र | दीर्घकालीन | बजारीकरण व्यवस्थापन भएको हुने |
| ३ | कृषि उद्यम विकासमा वित्त तथा प्रविधि सहयोग गर्ने | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | स्थानीय तह, विकास साझेदार तथा गैरसरकारी संघ संस्थाहरु र निजीक्षेत्र | अल्पकालीन | कार्यविधि तर्जुमा भई कार्यान्वयन भएको हुने |
| ४ | कृषि सामाग्री, मल बिउ विजनमा दिइने अनुदानलाई एकिकृत र सरलीकृत गर्ने। | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | स्थानीय तह, विकास साझेदार तथा गैरसरकारी संघ संस्थाहरु र निजीक्षेत्र | दीर्घकालीन | मापदण्ड तर्जुमा भई कार्यान्वयन भएको हुने |
| ***कृषी तथा खाद्य सुरक्षाका लागि कुल अनुमानित लागत रू २८०० करोड*** | | | | | |

### २.४.२. वन, जैविक विविधता तथा जलाधार संरक्षण

नेपालको कुल वन क्षेत्र १४,७५१,६०० हेक्टर मध्ये लुम्बिनी प्रदेशमा १६.०५ प्रतिशत वनक्षेत्र रहेको छ। प्रदेशको कुल भुभागको ५७.०२ प्रतिशत वन क्षेत्र (झाडी वुट्यान सहित) रहेको छ। प्रदेशमा ४ लाख ५० हजार हेक्टर सरकारद्धारा व्यवस्थित वन र ४ लाख ४२ हजार २ सय ५० हेक्टर सामुदायिक वनले ओगटेको छ। प्रदेशमा २ वटा राष्ट्रिय निकुञ्ज, १ वटा संरक्षित क्षेत्र र १ वटा शिकार आरक्ष रहेका छन्। प्रदेशमा उल्लेख्य मात्रामा साझेदारी वन, कवुलियती वन, धार्मिक वन, चक्ला वन तथा निजी वन समेत रहेका छन्। प्रदेशमा ४ वटा संरक्षित वन रहेका छन। सामुदायिक वनमा आवद्ध घरपरिवारको संख्या ९ लाख ३७ हजार ८ सय २६ रहेको छ। प्रदेशमा वनजन्य उद्योग १०६४ वटा रहेका छन्। यसैगरी प्रदेश अन्तर्गत ३२ वटा जलाधार क्षेत्र र ४४ वटा साना ठूलानदी प्रणाली छन। राप्ती र बबई नदी प्रदेशका लामा र ठूलानदी हुन। कर्णाली र गण्डकी नदी प्रदेशका पश्चिम र पूर्व-दक्षिणका सिमावर्ति नदी हुन्।

जलवायु परिवर्तनका कारण तापक्रम बढ्दा वन डढेलोका घटना बढेको र भावी दिनमा अझ बढ्दै जाने आकलन गरिएको छ । तराई, भित्री मधेश र चुरे क्षेत्रका जंगलमा सुख्खायाममा बर्षेनी डढेलोका घटनाहारु हुने गरेको पाईन्छ र यो क्रम अझै बढ्दै जाने आकलन गरिएको छ। सदियौंदेखि सुरक्षित हिसाबले बाचिरहेका जीवजन्तु भित्री मधेश, चुरे, पहाड हिमाली क्षेत्रमा पानीका मुहानहरू सुक्दा वा एक्कासि बाढी आउदा घाँसे मैदान र पानीका श्रोतहररुमा क्षयीकरण हुँदा यसको प्रत्यक्ष नकरात्मक असर जीवजन्तुमा पर्ने देखिन्छ। यससँगै मिचाहा प्रजातिका वनस्पतिको विस्तारले जीवजन्तुको मुख्य आहार र बासस्थानमा ह्रास आएको छ। तल्लो तटीय क्षेत्रका वनस्पतिहरू माथिल्लो क्षेत्रमा सर्दै गएका छन्। यी समस्यालाई समाधान गर्न राष्ट्रिय जलवायु परिवर्तन नीति २०७६ ले जलवायु उत्थानशील पारिस्थितिकीय प्रणालीको विकास गरी दिगो वातावरणीय सेवाहरुको सुनिस्चितता गर्ने नीति लिएको छ। जलवायु परिवर्तनसँग सम्बन्धित राष्ट्रिय नीतिहरुलाई मूलप्रवाहीकरण गर्न लुम्बिनी प्रदेशमा वन, जैविक विविधता तथा जलाधार संरक्षण क्षेत्रको चुनौतीहरुको सामना गर्न ८ वटा रणनीति र ४५ वटा क्रियाकलाप प्रस्ताव गरिएको छ। उक्त क्रियाकलाप कार्यान्वयन गर्नको लागि रु. २५०० करोड कुल अनुमानित लागत प्रक्षेपण गरी विस्तृत विवरण तालिका २.४.२.२ मा प्रस्तुत गरिएको छ।

### २.४.२.१. वन, जैविक विविधता तथा जलाधार संरक्षण सम्बन्धी रणनीति

क. वन क्षेत्रको खण्डीकरण र क्षयीकरण रोकी विद्यमान वनले ढाकेको क्षेत्रफल कायम गर्ने,
ख. वन सम्वर्धन प्रणालीमा आधारित वनको दिगो व्यवस्थापन गरी वन पैदावार उत्पादन र कार्बन संञ्चिति अभिवृद्धि गर्ने,
ग. वनमा आधारित विभिन्न उद्यमहरु स्थापना, सन्चालन, ब्यवस्थापन र बजारिकरण गर्ने,
घ. जलवायु उत्थानशील पारिस्थितिकीय प्रणालीको प्रवर्द्धन गर्ने,
ङ. एकीकृत जलाधार व्यवस्थापन गर्ने,
च. वनडढेलोको न्यूनीकरण, रोकथाम र व्यवस्थापन गर्ने,
छ. रैथाने प्रजातीको संरक्षण तथा मिचाहा प्रजाति नियन्त्रण गर्ने, र
ज. निजी, सार्वजनिक तथा नदी उकास जग्गामा वन तथा कृषिवन विकास र विस्तार गर्ने।

### २.४.२.२. वन, जैविक विविधता तथा जलाधार संरक्षण सम्बन्धी रणनीतिक क्रियाकलाप

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | | समय सिमा<br>अल्पकालीन (३ बर्ष भित्र )<br>मध्यकालीन (६ बर्ष भित्र)<br>दीर्घकालीन (१० बर्ष) | अपेक्षित परिणाम |
|---|---|---|---|---|---|
| | | मुख्य निकाय | सहयोगी निकाय | | |
| **क. वन क्षेत्रको खण्डीकरण, र क्षयीकरण रोकी विद्यमान वनले ढाकेको क्षेत्रफल कायम गर्ने (अनुमानित बजेट रु. १०० करोड)** | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १ | सार्वजनिक खाली पर्ति जग्गा, सडक किनारा तथा नदी उकास क्षेत्रमा बृक्षारोपण गरी अर्थतन्त्रमा प्रवर्ध्दन र रोजगारी सिर्जना गर्ने। | वन, वातावरण तथा पर्यटन मन्त्रालय | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, स्थानीय तह | दीर्घकालीन | हरियाली प्रवर्द्धन तथा हरित रोजगारी अभिवृद्धि भएको हुने |
| २ | जडिबुटी तथा गैहकाष्ठ वन पैदावर खेती प्रवर्द्धन गर्ने | वन, वातावरण तथा पर्यटन मन्त्रालय | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, स्थानीय तह | दीर्घकालीन | सबै वन व्यवस्थापन प्रणालीहरुमा जडिबुटी तथा गैहकाष्ठ वन पैदावर खेती प्रवर्द्धन भएको हुने |
| **ख. वन सम्बर्द्धन प्रणालीमा आधारित वनको दिगो व्यवस्थापन गरी वन पैदावार उत्पादन र कार्बन सञ्चिति अभिवृद्धि गर्ने। (अनुमानित बजेट रु ५०० करोड)** | | | | | |
| १ | वनको किसिम, अवस्था, पहुँचर व्यवस्थापन प्रणालीको आधारमा नक्सांकन सहितको तथ्यांक विवरण तयार गर्ने | वन, वातावरण तथा पर्यटन मन्त्रालय | स्थानीय तह, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र | अल्पकालीन | वन विकास तथा व्यवस्थापन सम्बन्धी नक्सांकन सहितको तथ्यांक तयार भएको हुने |
| २ | वन सम्बर्द्धन प्रणालीमा आधारित वनको दिगो व्यवस्थापन गर्ने | वन, वातावरण तथा पर्यटन मन्त्रालय | डि.व.का, स्थानीय तह, वन समुहहरु | दीर्घकालीन | पहाडमा २० प्रतिशत र तराईमा ८० प्रतिशत वनको दिगो व्यवस्थापन भएको हुने |
| ३ | समुदायमा आधारित वन समुहको कार्ययोजना नविकरणमा सहयोग गर्ने | वन, वातावरण तथा पर्यटन मन्त्रालय | स्थानीय तह, विकास साझेदार निकाय तथा गैर सरकारी संघ संस्थाहरु, वन समुह | दीर्घकालीन | कार्ययोजना नविकरण भई कार्यन्वयन भएको हुने |
| ४ | वन व्यवस्थापनबाट सिर्जना हुने रोजगारीहरुमा लाभको बाडफाडमा, सिमान्तकृत र जलवायु परिवर्तनबाट प्रभावित घर परिवारलाई प्राथमिकता दिने | वन, वातावरण तथा पर्यटन मन्त्रालय | स्थानीय तह, स्थानीय वन समुह | मध्यकालीन | सिमान्तकृत र जलवायु परिवर्तनबाट प्रभावितपरिवारलाई रोजगारीको अभिवृद्धि भएको हुने |
| ५ | सार्वजनिक तथा नीजि जमिनमा वन, फलफुल र कृषिवनको विकास गर्ने | वन, वातावरण तथा पर्यटन मन्त्रालय | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, स्थानीय तह, निजिक्षेत्र | अल्पकालीन | निजी तथा कृषिवनको विकास सम्बनधी नीति तथा कानून तर्जुमा भई कार्यन्वयन भएको हुने |
| **ग. वनमा आधारित विभिन्न उद्यमहरु स्थापना, सन्चालन, ब्यवस्थापन र बजारिकरण गर्ने (अनुमानित बजेट रु २००करोड)** | | | | | |
| ***स्वास्थ्य, खानेपानी तथा सरसफाईका लागि कुल अनुमानित लागत रू १९७५ करोड*** | | | | | |

### २.४.८. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन

नेपाल प्राकृतिक तथा जलवायुजन्य विपद् जोखिम मुलुक हो। सन २०१८ देखि २०२४ को अध्ययनले प्रतिवर्ष विपद्को कारणले औषत ६८६ को मृत्य भएको देखिएका छन्। यो अवधिमा पहिरोले ८७८ आगलागीबाट ६१९ चट्याङ्गबाट ४७७ वाढीबाट २६० अन्य ३४६ समेत गरी जलवायुजन्य विपद्ले मात्र वार्षिक औषत ४५० जनाको मृत्यु भएको छ। उक्त अवधिमा विपद्को कारणबाट रु २३.६ अर्बको आर्थिक हानी नोक्सानी भएको थियो। लुम्बिनी प्रदेशमा बाढी, पहिरो,

हुरि-बतास, चट्याङ, आगलागीका घटनाहरु र हिमाली जिल्लामा हिमपहिरोको जोखिम छ। अतिवृष्टि, अनावृष्टी, बाढी, पहिरो लगायतका प्रकोप बढ्दो रुपमा भोग्नुपरेको छ।

लुम्बिनी प्रदेश विपद्का घटनाबाट प्रत्येक वर्ष औषतमा ७४ जनाले ज्यान गुमाउने र ४,००० भन्दा बढी परिवार प्रभावित तथा विस्थापित हुने तथ्यांक छ। विपद्बाट जीवन तथा सम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन तथा उत्पादनका साधनहरू, भौतिक एवं सामाजिक पूर्वाधार, सांस्कृतिक एवं वातावरणीय सम्पदामा हुने क्षतिको उल्लेख्य रूपमा रहेको छ। विपद् जोखिम न्यूनीकरण गर्न विभिन्न रणनीतिक क्रियाकलापको पहिचान गरी आवधिक तथा वार्षिक योजना तर्जुमा गरी विपद् जोखिम रोकथाम, पूर्वतयारी, प्रतिकार्य एवं पुर्नस्थापना तथा पुनर्निर्माणको सुदृढीकरण र उत्थानशीलता अभिवृद्धि गर्नुपर्ने छ। विद्यमान विपद् जोखिम तथा क्षतिको न्यूनीकरण र नयाँ जोखिमको रोकथाम गर्नु यस रणनीतिक कार्ययोजनाको उद्देश्य रहेको छ।

जलवायु परिवर्तनसँग सम्बन्धित राष्ट्रिय नीतिहरुलाई मूलप्रवाहीकरण गर्न लुम्बिनी प्रदेशमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन क्षेत्रको चुनौतीहरुको सामना गर्न ६ वटा रणनीति र १९ वटा क्रियाकलाप तय गरिएका छन्। उक्त क्रियाकलाप कार्यान्वयन गर्नको लागि रु. ३४१० करोड कुल अनुमानित लागत प्रक्षेपण गरी निम्नानुसारको रणनीतिक क्रियाकलापको प्रस्ताव गरिएको छ जसको विस्तृत विवरण तालिका २.४.८.२. मा प्रस्तुत गरिएको छ।

२.४.८.१. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी रणनीति

क. भूमिको उपयुक्तता र संवेदनशीलताको आधारमा व्यवस्थापन गर्ने,
ख. विपद् जोखिम क्षेत्रहरुको पहिचान, प्राथमिकीकरण र नक्सांकन गरी संवेदनशील क्षेत्रहरुको संरक्षण गर्ने,
ग. प्रदेश र स्थानीय तहमा विपद् व्यवस्थापन नीतिहरुको कार्यान्वयन र संस्थागत संरचना सुदृढ गर्ने,
घ. विपद् जोखिम पूर्व सूचना संयन्त्र विकास गर्ने,
ङ. स्थानीय समुदायलाई उत्तरदायी बनाउन विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको प्रभावकारी अनुगमन / मुल्याङ्कन संयन्त्र बनाई लागु गर्ने, र
च. विपद् जोखिम न्यूनीकरण गर्न सरकारी लगानी बढाउने।

२.४.८.२ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी रणनीतिक क्रियाकलाप

| **क्र.सं.** | **क्रियाकलाप** | **जिम्मेवार निकाय** | | **समय सिमा** अल्पकालीन (३ बर्ष भित्र) मध्यकालीन (६ बर्ष भित्र) दीर्घकालीन (१० बर्ष) | **अपेक्षित उपलब्धि** |
|---|---|---|---|---|---|
| | | **मुख्य निकाय** | **सहयोगी निकाय** | | |
| **क. भूमिको उपयुक्तता र संवेदनशीलताको आधारमा व्यवस्थापन गर्ने (अनुमानित बजेट रु १०० करोड)** | | | | | |
| १ | विपद् संवेदनशील भू-उपयोग पहिचान र नियन्त्रण तथा व्यवस्थापन गर्ने। | आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालय | शहरी विकास, ऊर्जा, सिंचाइ तथा खानेपानी मन्त्रालय, निजीक्षेत्र, स्थानीय तह | अल्पकालीन | भू-उपयोग पहिचान र नियन्त्रण तथा व्यवस्थापन भएको हुने |
| **ख. विपद् जोखिम क्षेत्रहरुको पहिचान, प्राथमिकीकरण र नक्सांकन गरी संवेदनशील क्षेत्रहरुको संरक्षण गर्ने (अनुमानित बजेट रु १००० करोड)** | | | | | |

DRAFT

| | | | | | |
|---|---|---|---|---|---|
| १ | जोखिमयुत्त पूर्वाधार ऐतिहासिक तथा सांस्कृतिक सम्पदा, आश्रयस्थल, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा खानेपानीका संरचनाहरूका लागि भूकम्पीय तथा जलवायुजन्य जोखिम आकलन तथा नक्शाङ्कन तथा प्रशार गर्ने | आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालय | शहरी विकास, ऊर्जा, सिंचाइ तथा खानेपानी मन्त्रालय, स्थानीय तह, निजीक्षेत्र | अल्पकालीन | जलवायुजन्य जोखिम आकलन तथा नक्शाङ्कन भई प्रशार भएको हुने |
| २ | प्रकृतिमा अधारित समाधानका (Nature Based Solution) उपायहरु अवलम्वन गर्ने | वन, वातावरण तथा पर्यटन मन्त्रालय | शहरी विकास, ऊर्जा, सिंचाइ तथा खानेपानी मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, निजीक्षेत्र, स्थानीय तह | दीर्घकालीन | प्रकृतिमा अधारित समाधानका उपायहरु अवलम्बन भएको हुने |
| **ग. प्रदेश र स्थानीय तहमा विपद् व्यवस्थापन नीतिहरुको कार्यान्वयन र संस्थागत संरचना सुदृढ गर्ने (अनुमानितबजेट रु १७०० करोड)** | | | | | |
| १ | लुम्बिनी प्रदेशको विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना २०७९-२०८७ को प्रभावकारी कार्यान्वयन गर्ने | आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालय | स्थानीय सरकार, विकास साझेदार निकाय तथा गैर सरकारी संघ संस्थाहरु | अल्पकालीन | विपद् व्यवस्थापन भएको हुने |
| २ | विपद्को लागि अति आवश्यक सामानहरु समयमै आपूर्ति गरी भण्डारण गर्ने | आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालय | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, स्तानीय तह, संघ संस्थाहरु | अल्पकालीन | विपद् व्यवस्थापनको लागि पर्याप्त समग्रीहरु भएको हुने |
| ३ | विपद् व्यवस्थापन प्रतिकार्य योजना तयारी र प्रभावकारी कार्यन्वयन गर्ने | आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालय | स्थानीय तह | अल्पकालीन | हरेक स्थानीय तहमा विपद् व्यवस्थापन प्रतिकार्य योजना तयारी र प्रभावकारी कार्यन्वयन भएको हुने |
| **घ. विपद् जोखिम पूर्व सूचना संयन्त्र विकास गर्ने । (अनुमानित बजेट रु ५०० करोड)** | | | | | |
| १ | विपद् प्रभावित क्षेत्रको जनसंख्याको अनुपातमा स्थानीय वा राष्ट्रिय सूचना प्रणालीमार्फत पूर्वसूचना प्राप्त तथा प्रसार गर्ने | आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालय | वन, वातावरण तथा पर्यटन मन्त्रालय, स्थानीय तह | मध्यकालीन | स्थानीय वा राष्ट्रिय सूचना प्रणालीको विकास भएको हुने |
| २ | विपद् जोखिमयुक्त क्षेत्रहरुमा पूर्वानुमानमा आधारित पूर्वतयारी कार्यविधि तयार गर्ने | आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालय | स्थानीय तह, वन, वातावरण तथा पर्यटन मन्त्रालय, सम्बन्धित मन्त्रालय | अल्पकालीन | पूर्वतयारी कार्यविधि तयार भएको हुने |
| ३ | स्थानीय तहमा प्रभावकारी विपद् व्यवस्थापन सूचना प्रणालीको विकास गर्ने | आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालय | स्थानीय तह | मध्यकालीन | स्थानीय तहमा प्रभावकारी विपद् व्यवस्थापन सूचना प्रणालीको विकास भएको हुने |
| ४ | प्रमुख बाढीजन्य नदी जलाधारहरूमा तात्कालिन जलसतह र बर्षा अवलोकन प्रणालीको विस्तार र आधुनिकीकरण गर्ने | आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालय , | वन, वातावरण तथा पर्यटन मन्त्रालय, शहरी विकास, ऊर्जा, सिंचाइ तथा खानेपानी मन्त्रालय, स्थानीय सरकार, जल तथा मौसम विज्ञान विभाग | मध्यकालीन | जलसतह र बर्षा अवलोकन प्रणालीको विकास भएको हुने |
| ५ | मौसमको अनुगमन प्रणालीलाई प्रदेशव्यापी रूपमा विस्तार र आधुनिकीकरण गर्ने | आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालय | वन, वातावरण तथा पर्यटन मन्त्रालय, शहरी विकास, ऊर्जा, सिंचाइ तथा खानेपानी मन्त्रालय , स्थानीय तह,जल तथा मौसम विज्ञान विभाग | मध्यकालीन | मौसमको अनुगमन प्रणाली विकास तथा विस्तार भएको हुने |
| ६ | आगलागी र वन डढेलोको निरन्तर अनुगमन प्रणाली स्थापना गर्ने | वन, वातावरण तथा पर्यटन मन्त्रालय | स्थानीय सरकार | दीर्घकालीन | आगलागी र वन डढेलो नियन्त्रण भएको हुने |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | जोखिम सूचना साझेदारी गर्न संचार तथा प्रसार रणनीति र कार्यविधि तयार गर्ने | आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालय | समाजिक विकास मन्त्रालय, स्थानीय सरकार | मध्यकालीन | जोखिम सूचना साझेदारी गर्न संचार तथा प्रसार रणनीति र कार्यविधि तयार भई कार्यन्वयन भएको हुने |
| ८ | समावेशी तथा बालबालिका मैत्री पूर्वसूचना संयन्त्रको विकास गर्ने | आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालय | समाजिक विकास मन्त्रालय, स्थानीय तह | दीर्घकालीन | बालबालिकामैत्री पुर्वसूचना संयन्त्रको सञ्चालन भएको हुने |
| **ङ. स्थानीय समुदायलाई उत्तरदायी बनाउन विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको प्रभावकारी अनुगमन / मुल्याङ्कन संयन्त्र बनाई लागु गर्ने (अनुमानित बजेट रु १० करोड)** | | | | | |
| १ | स्थानीय समुदाय स्तरमा अनुगमन तथा मूल्याङ्कन संयन्त्रको तयार गर्ने र तिनको क्रियाशिलताको नियमित अनुगमन गर्ने | आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालय, | स्थानीय तह | दीर्घकालीन | अनुगमन/मूल्याङ्कन संयन्त्रको विकास भएको हुने |
| **च. विपद् जोखिम न्यूनीकरण गर्न सरकारी लगानी बढाउने। (अनुमानित बजेट रु १०० करोड)** | | | | | |
| १ | विपद् जोखिम पूर्व सुचना संयन्त्रको विकास गर्न लागनी बढाउने | आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालय | स्थानीय सरकार, विकास साझेदार निकाय तथा गैर सरकारी संघ संस्थाहरु | दीर्घकालीन | विपद् जोखिम पूर्व सुचना संसन्त्रको विकास गर्न लगानी भएको हुने |
| २ | विपद् जोखिममा रहेका बस्ति तथा बासिन्दालाई एकिकृत बस्ति निर्माण गर्ने | आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालय | शहरी विकास, ऊर्जा, सिंचाइ तथा खानेपानी मन्त्रालय, स्थानीय तह | दीर्घकालीन | एकिकृत बस्ति निर्माण भएको हुने |
| ३ | समग्र विपद् व्यवस्थापन गर्न संस्थागत क्षमताको अभिबृद्धि गर्ने | आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालय | स्थानीय तह, विकास साझेदार निकाय तथा गैर सरकारी संघ संस्थाहरु | दीर्घकालीन | विपद् व्यवस्थापन सम्बन्धी क्षमता अभिबृद्धि भएको हुने |
| ४ | सरकारी सह लगानीका लागि विभिन्न तहमा नीति, कार्यक्रम तथा योजना निर्माण गर्ने | आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालय | अन्तर मन्त्रालय, स्थानीय तह | अल्पकालीन | नीति तथा योजना तर्जुमा भएको हुने |
| ***विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनका लागि कुल अनुमानित लागत रू ३४१० करोड*** | | | | | |

**२.४.९. लैङ्गिक तथा सामाजिक समावेशिता, जीविकोपार्जन र सुशासन**

समुदायको सेवा र नीतिलाई प्राथमिकता दिन नसक्नु, सीमान्तकृत समूह र महिलाहरुको सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक र वैज्ञानिक स्थिति कमजोर भएका कारण महिलाहरुको सहभागिता र सीमान्तकृत समूहहरुको प्रतिनिधित्व सिमित हुनु यस क्षेत्रको प्रमुख समस्याहरु हुन। राज्यमा महिला र सीमान्तकृत समूहको प्रतिनिधित्व बढाउन, जातीय र वर्ग भेदभावको अन्त्य गर्न, यौन तथा घरेलु हिंसाको उन्मूलनका लागि सीमान्तकृत समूह र महिलाहरुको जीवनस्तरमा सुधार गर्न अधिकार प्रयोग गर्ने वातावरण बनाउन जरुरी छ। राष्ट्रिय जलवायु परिवर्तन नीति २०७६ ले जलवायु सम्बद्ध नीति निर्माण, संस्थागत संरचना तथा कार्यक्रम कार्यान्वयनमा सुशासन र लैङ्गिक तथा सामाजिक समावेशिकरणलाई मूलप्रवाहीकरण गर्दै जिविकोपार्जन सहजीकरण गर्ने नीति लिएको छ।

जलवायु परिवर्तनसँग सम्बन्धित राष्ट्रिय नीतिहरुलाई मूलप्रवाहीकरण गर्न लुम्बिनी प्रदेशमा लैङ्गिक तथा सामाजिक समावेशिता, जीविकोपार्जन र सुशासन क्षेत्रको चुनौतीहरुको सामना गर्न ४ वटा रणनीति र १५ वटा क्रियाकलाप तय गरिएका छन् । उक्त क्रियाकलाप कार्यान्वयन गर्नको लागि रु. ५३० करोड कुल अनुमानित लागत प्रक्षेपण गरी निम्नानुसारको रणनीतिक क्रियाकलापहरु प्रस्ताव गरिएको छ जसको विस्तृत विवरण तालिका २.४.९.२. मा प्रस्तुत गरिएको छ ।

२.४.९.१. लैङ्गिक तथा सामाजिक समावेशिता, जीविकोपार्जन र सुशासन सम्बन्धी रणनीति

क. महिला तथा सिमान्तकृत समुदायको सहभागिता र नेतृत्व सुनिश्चित गर्ने,

ख. जोखिममा रहेका घरधुरी र समुदायलाई लक्षित गरी जलवायु उत्थानशील तथा वैकल्पिक जीविकोपार्जनका अवसरहरु उपलब्ध गराउने,

ग. ज्ञान, सीप तथा प्रविधिको प्रोत्साहन गरी अनुकूलनका उपायहरुको अवलम्वन गर्ने, र

घ. जलवायु परिवर्तनबाट सिर्जित महिलाको बढ्दो कार्यबोझ कम गर्ने प्रविधिको विकास र विस्तार गर्ने, र

२.४.९.२. लैङ्गिक तथा सामाजिक समावेशिता, जीविकोपार्जन र सुशासन सम्बन्धी रणनीति

| क्र.सं. | क्रियाकलाप | जिम्मवार निकाय | | समय सिमा अल्पकालीन (३ बर्ष भित्र ) मध्यकालीन (६ बर्ष भित्र) दीर्घकालीन (१० बर्ष) | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| | | मुख्य निकाय | सहयोगी निकाय | | |
| **क. महिला तथा सिमान्तकृत समुदायको सहभागिता र नेतृत्व सुनिश्चित गर्ने, (अनुमानित लागत रु. ५० करोड )** | | | | | |
| १ | नेतृत्व विकासको लागि क्षमता अभिवृद्धि र स्थानिय महिला, जनजाती र सिमान्तकृत वर्गलाई जलवायु परिवर्तनका नीति र कार्यक्रम तर्जुमा प्रकृयामा सहभागिता गराउने । | सामाजिक विकास मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यलय र समबन्धित मन्त्रालय, स्थानीय तह, बिकास साझेदार | दीर्घकालीन | निर्णय प्रकृयामा सहभागिता बृद्धि भएको हुने |
| २ | क्षेत्रगत कार्यक्रम सञ्चालनका लागी महिला सहभागितालाई ५० प्रतिशत पुर्याउने गरी रणनीतिक कार्ययोजना तयार गरी लागू गर्ने | सामाजिक विकास मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यलय र समबन्धित मन्त्रालय, स्थानीय तह, बिकास साझेदार | दीर्घकालीन | रणनीति र कार्ययोजना तर्जुमा भई कार्यान्वयन हुने |
| ३ | जलवायु परिवर्तनका कारण बढ्न सक्ने लैङ्गिक तथा सामाजिक विभेद अन्त्यका लागि समुदाय परिचालनका कार्यक्रम सञ्चालन गर्ने र कार्यक्रम गर्दा Intersectionality ध्यान दिई समावेश गर्ने | सामाजिक विकास मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यलय र समबन्धित मन्त्रालय, स्थानीय तह, बिकास साझेदार | दीर्घकालीन | समुदाय परिचालन भएको हुने |
| ४ | सचेतना अभिबृद्धिको लागि प्रविधि तथा Social Media प्रयोग गर्न मापदण्ड तर्जुमा गर्ने | सामाजिक विकास मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र सम्बन्धित मन्त्रालय, स्थानीय तह, बिकास साझेदार | अल्पकालीन | मापदण्ड तर्जुमा भई कार्यन्वयन हुने |
| **ख. जोखिममा रहेका घरधुरी र समुदायलाई लक्षित गरी जलवायु उत्थानशील तथा वैकल्पिक जीविकोपार्जनका अवसरहरु उपलब्ध गराउने अनुमानित लागत (रु. ४०० करोड)** | | | | | |
| १ | महिला तथा जोखिममा रहेका समुदायको पहुँच र प्रभाव बढाउन सम्बन्धित समूह तथा सहकारीलाई विशेष सहुलियत प्रदान गर्ने | सामाजिक विकास मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र समबन्धित मन्त्रालय, स्थानिय तह, बिकास साझेदार | मध्यकालीन | अगुवा महिला समूह तथा सहकारीहरुको संख्या बढेको हुने |

DRAFT

| | | | | | |
|---|---|---|---|---|---|
| २ | महिलामैत्री आयआर्जन, सिप बिकास तथा उद्यमशीलताको प्रवर्द्धन गर्ने | सामाजिक विकास मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र समबन्धित मन्त्रालय, स्थानिय तह, बिकास साझेदार | दीर्घकालीन | महिलाहरुद्वारा सञ्चालित उद्यम संख्या बृद्धि भएको हुने |
| ३ | जलवायुजन्य विपद्का समयमा Rapid Gender Assessment का आधारमा एकद्वार प्रणालीमार्फत खोज, उद्धार, आश्रयस्थल, राहत, संरक्षण र अत्यावस्यक सेवा सञ्चालनको सुनिश्चित गर्ने | सामाजिक विकास मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र समबन्धित मन्त्रालय, स्थानीय तह, बिकास साझेदार | अल्पकालीन | मापदण्ड कार्यान्वयन भएको हुने |
| ४ | स्थानीय तहमा प्रदेश सरकारले LAPA मूलप्रवाहिकरणको लागि सहयोग गर्ने | वन, वातावरण तथा पर्यटन मन्त्रालय | स्थानीय तह, बिकास साझेदार | दीर्घकालीन | स्थानीय तहमा LAPA मूलप्रवाहिकरण भएको हुने |
| **ग. ज्ञान, सीप तथा प्रविधिको प्रोत्साहन गरी अनुकूलनका उपायहरुको अवलम्वन गर्ने (अनुमानित लागत रु. ६० करोड)** | | | | | |
| १ | परम्परागत ज्ञान सीप,वैज्ञानिक र आधुनिक सिप तथा प्रविधिको समायोजनमा जोड दिनको लागि पाठ्यक्रम तर्जुमा र कार्यन्वयन तथा स्थानीय भाषामा सिकाइ प्रोत्साहन गर्ने । | सामाजिक विकास मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, समबन्धित मन्त्रालय, स्थानीय तह, बिकास साझेदार | दीर्घकालीन | पाठ्यक्रम तर्जुमा भई कार्यन्वयन भएको हुने |
| २ | जलवायु परिवर्तन अनुकूलनका लागि परम्परागत ज्ञान, सीप र प्रविधि हस्तान्तरणका लागि महिला तथा युवाहरुलाई तालिम प्रदान गर्ने | सामाजिक विकास मन्त्रालय | वन, वातावरण तथा पर्यटन मन्त्रालय, स्थानीय तह, बिकास साझेदार | दीर्घकालीन | महिला तथा युवाहरु क्षमता अभिबृद्धि भएको हुने |
| ३ | प्रदेषको GEDSI Climate Change Strategy & Action Plan तर्जुमा तथा कार्यन्वयन गर्ने | वन, वातावरण तथा पर्यटन मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यलय, सामाजिक विकास मन्त्रालय, बिकास साझेदार, स्थानीय तह | मध्यकालीन | तर्जुमा भई कार्यन्वयन भएको हुने |
| ४ | जलवायु परिवर्तन, यसको असर र जोखिम न्यूनिकरण समबन्धी प्रचार प्रसार सामग्री विकास र प्रसारको व्यवस्था स्थानीय भाषामा सुनिश्चित गर्ने । | आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र सामाजिक विकास मन्त्रालय, स्थानीय तह, बिकास साझेदार | मध्यकालीन | प्रचार प्रसार सामाग्री विकास र प्रसार भएको हुने |
| ५ | जोखिम संवेदनशील समूहमा जलवायु परिवर्तन र प्रतिकूल मौसमका कारण स्वास्थ्य जोखिम वृद्धि सम्बन्धमा वैज्ञानिक प्रमाणमा आधारित नीति तथा निर्देशिका तर्जुमा गर्ने । | आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालय | सामाजिक विकास मन्त्रालय, वन, वातावरण तथा पर्यटन मन्त्रालय, स्वास्थय मन्त्रालय | अल्पकालीन | नीति तथा निर्देशिका तर्जुमा भई कार्यन्वयन भएको हुने |
| **घ. जलवायु परिवर्तनबाट सिर्जित महिलाको बढ्दो कार्यबोझ कम गर्ने प्रविधिको विकास र विस्तार गर्ने (अनुमानित लागत, रु २० करोड )** | | | | | |
| १ | बायोग्यौँस, विद्युतीय चुलो, सोलार र अन्य नवीकरणीय ऊर्जा प्रविधि उपयोगमा जोखिम वर्गको पहुँच सुरक्षित गर्ने | शहरी विकास, ऊर्जा, सिंचाइ तथा खानेपानी मन्त्रालय | सामाजिक विकास मन्त्रालय | दीर्घकालीन | नवीकरणीय ऊर्जा प्रविधि उपयोगमा प्राथमिकिकरण भएको हुने |
| २ | जलवायु मैत्री बालबालिका स्याहार केन्द्र, जेष्ठ नागरिक सेवा केन्द्र स्थापना गर्ने | सामाजिक विकास मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सम्बन्धित मन्त्रालय, स्थानीय तह | मध्यकालीन | सेवा केन्द्र स्थापना भएको हुने |
| ***लैङ्गिक तथा सामाजिक समावेशिता, जीविकोपार्जन र सुशासनका लागि कुल अनुमानित लागत रू ५३० करोड*** | | | | | |

**२.४.१०. जनचेतना अभिवृद्धि तथा क्षमता विकास**

राष्ट्रिय जलवायु परिवर्तन नीति २०७६ ले जलवायु परिवर्तनको प्रभाव र जोखिम सम्बन्धमा जनचेतना अभिवृद्धि गर्न संघ, प्रदेश र स्थानीय सरकारका साथै स्थानीय समुदायले न्यूनीकरण र अनुकूलनका उपायहरु अवलम्बन गर्न सबै सरोकारवालाहरुको क्षमता विकास गर्ने नीति लिएको छ।

जलवायु परिवर्तनसँग सम्बन्धित राष्ट्रिय नीतिहरुलाई मूलप्रवाहीकरण गर्न लुम्बिनी प्रदेशमा जनचेतना अभिवृद्धि तथा क्षमता विकास क्षेत्रको चुनौतीहरुको सामना गर्न ३ वटा रणनीति र ७ वटा क्रियाकलाप तय गरिएका छन्। उक्त क्रियाकलाप कार्यान्वयन गर्नका लागि रु. १२० करोड कुल अनुमानित लागत प्रक्षेपण गरी निम्नानुसारको रणनीतिक क्रियाकलापको प्रस्ताव गरिएको छ जसको विस्तृत विवरण तालिका २.४.१०.२. मा प्रस्तुत गरिएको छ।

२.४.१०.१. जनचेतना अभिवृद्धि तथा क्षमता विकास सम्बन्धी रणनीति

- क. जलवायु परिवर्तन र यसका प्रभाव बारे जनचेतना अभिबृद्धि गर्ने,
- ख. स्थानीय सुमुदायामा जलवायु परिवर्तनको प्रभावहरुसंग अनुकूलित हुने क्षमता विकास गर्ने, र
- ग. स्थानीय पाठ्यक्रममा जलवायु परिवर्तन अनुकूलन र न्यूनीकरणको विषय समावेश गरी पठनपाठन गराउने।

२.४.१०.२. जनचेतना अभिवृद्धि तथा क्षमता विकास सम्बन्धी रणनीतिक क्रियाकलाप

| क्र.सं. | क्रियाकलाप | जिम्मवार निकाय | | समय सिमा<br>अल्पकालीन (३ बर्ष भित्र )<br>मध्यकालीन (६ बर्ष भित्र)<br>दीर्घकालीन (१० बर्ष) | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| | | मुख्य निकाय | सहयोगी निकाय | | |
| **क. जलवायु परिवर्तन र यसका प्रभाव बारे जनचेतना अभिवृद्धि गर्ने (अनुमानित लागत, रु. ५० करोड )** | | | | | |
| १ | जनचेतना अभिवृद्धि तथा क्षमता विकासको योजना तर्जुमा गर्ने | सामाजिक विकास मन्त्रालय | वन, वातावरण तथा पर्यटन मन्त्रालय, स्थानीय तह र बिकास साझेदार | दीर्घकालीन | योजना तर्जुमा भएको हुने |
| २ | स्थानीय जनप्रतिनिधि र समुदायका लागि जलवायु परिवर्तन तथा यसको प्रभाव सम्बन्धी सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने | वन, वातावरण तथा पर्यटन मन्त्रालय | स्थानीय तह र बिकास साझेदार | दीर्घकालीन | तालिम प्राप्त जनशक्ति बृद्धि भएको हुने |
| ३ | जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलन समबन्धी क्षमता विकास गर्नको लागि कर्मचारीहरुको अन्तरदेशिय अवलोकन भ्रमण, राष्ट्रिय तथा अन्तराष्ट्रिय तालिम, सभा, सम्मेलन तथा गोष्ठिमा सहभागिता हुने | वन, वातावरण तथा पर्यटन मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालय र सम्बन्धित मन्त्रालय, स्थानीय तह, बिकास साझेदार, निजीक्षेत्र | दीर्घकालीन | कर्मचारिहरुको क्षमता अभिबृद्धि भएको हुने |
| ४ | रेडियो, टेलिभिजनबाट जलवायु परिवर्तनको प्रभाव र असरबारे चेतना जागृत गर्ने | सामाजिक विकास मन्त्रालय | वन, वातावरण तथा पर्यटन मन्त्रालय, स्थानीय तह र बिकास साझेदार | दीर्घकालीन | सचेतना बृद्धि भएको हुने |
| **ख. स्थानीय सुमुदायामा जलवायु परिवर्तनको प्रभावहरुसंग अनुकूलित हुने क्षमता विकास गर्ने (अनुमानित लागत, रु ५० करोड )** | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १ | LAPA खाकाको मर्म अनुसार समुदायस्तरमा जलवायुमैत्री कार्यक्रम तयारी गर्न क्षमता अभिबृद्धि गर्ने | वन, वातावरण तथा पर्यटन मन्त्रालय | स्थानीय तह र बिकास साझेदार | दीर्घकालीन | क्षमता अभिबृद्धि भई जलवायु मैत्री कार्यक्रमहरुको छनौट तथा कार्यान्वयन भएको हुने |
| **ग. स्थानीय पाठ्यक्रममा जलवायु परिवर्तन अनुकूलन र न्यूनीकरणको विषय समावेश गरी पठनपाठन गराउने (अनुमानित लागत, रु २० करोड )** | | | | | |
| १ | जलवायु परिवर्तन र यसको प्रभाव तथा अनुकूलन र न्यूनीकरण समावेश भएको पाठ्यक्रम तयार गर्ने | सामाजिक विकास मन्त्रालय | वन, वातावरण तथा पर्यटन मन्त्रालय, स्थानीय तह र बिकास साझेदार | अल्पकालीन | पाठ्यक्रम तयार भई लागु भएको हुने |
| २ | विद्यालय शिक्षकलाई पाठ्य सामाग्री पठनपाठन बारे तालिम दिने | सामाजिक विकास मन्त्रालय | वन, वातावरण तथा पर्यटन मन्त्रालय, स्थानीय तह र बिकास साझेदार | अल्पकालीन | तालिम प्राप्त शिक्षकको संख्या बृद्धि भएको हुने |
| **जनचेतना अभिबृद्धि तथा क्षमता विकासका लागि कुल अनुमानित लागत (रू १२० करोड)** | | | | | |

## २.४.११. अनुसन्धान एवं प्रविधिको विकास तथा प्रसार

राष्ट्रिय जलवायु परिवर्तन नीति २०७६ ले जलवायु परिवर्तनसंग सम्बन्धित अध्ययन, अनुसन्धान एवं प्रविधि विकास र प्रसारलाई प्रोत्साहन गर्ने नीति लिएको छ। जलवायु परिवर्तनसँग सम्बन्धित राष्ट्रिय नीतिहरुलाई मूलप्रवाहीकरण गर्न लुम्बिनी प्रदेशमा अनुसन्धान एवम् प्रविधि विकास तथा प्रसार क्षेत्रको चुनौतीहरुको सामना गर्न ३ वटा रणनीति र ६ वटा क्रियाकलाप तय गरिएका छन्। उक्त क्रियाकलाप कार्यान्वयन गर्नका लागि रु. ३५ करोड कुल अनुमानित लागत प्रक्षेपण निम्नानुसारको रणनीतिक क्रियाकलापको प्रस्ताव गरिएको छ जसको विस्तृत विवरण तालिका २.४.११.२ मा प्रस्तुत गरिएको छ।

२.४.११.१ अनुसन्धान एवं प्रविधिको विकास तथा प्रसार सम्बन्धि रणनीति

क. जलवायु परिवर्तनले प्राकृतिक सम्पदा र समुदायमा परेको असर सम्बन्धी अनुसन्धान गर्ने,
ख. जलवायु परिवर्तन सम्बन्धी योजना तर्जुमा तथा कार्यन्वयन गर्दा तथ्य तथा प्रमाणमा आधारित हुने, र
ग. जलवायु परिवर्तन सम्बन्धी अध्ययन अनुसन्धान गर्न प्रविधिको विकास तथा प्रसार गर्ने।

२.४.११.२ अनुसन्धान एवं प्रविधिको विकास तथा प्रसार सम्बन्धी रणनीतिक क्रियाकलाप

| **क्र.सं.** | **क्रियाकलाप** | **जिम्मवार निकाय** | | **समय सिमा** अल्पकालीन (३ वर्ष भित्र ) मध्यकालीन (६ वर्ष भित्र) दीर्घकालीन (१० वर्ष) | **अपेक्षित उपलब्धि** |
|---|---|---|---|---|---|
| | | **मुख्य निकाय** | **सहयोगी निकाय** | | |
| **क. जलवायु परिवर्तनले प्राकृतिक सम्पदा र समुदायमा परेको असर सम्बन्धी अनुसन्धान गर्ने (अनुमानित लागत, रु. २० करोड )** | | | | | |
| १ | जलवायु परिवर्तनको क्षेत्रगत प्रभावहरूको बारेमा अध्ययन गरी आवधिक प्रतिवेदन तयार गर्ने | वन, वातावरण तथा पर्यटन मन्त्रालय | विश्वविद्यालय र विकास साझेदार तथा गैरसरकारी संघ संस्थाहरु | अल्पकालीन | प्रतिवेदन तयार भएको हुने |

DRAFT

| | | | | | |
|---|---|---|---|---|---|
| २ | जलवायु परिवर्तनको कारणले हुने पारिस्थितिकिय प्रणाली तथा प्रजाती (Flora and Fauna) सम्बन्धी प्रभाव अध्ययन गर्ने | वन, वातावरण तथा पर्यटन मन्त्रालय | विश्वविद्यालय र विकास साझेदार तथा गैरसरकारी संघ संस्थाहरु | अल्पकालीन | अध्ययन प्रतिवेदन तयार भएको हुने |
| ३ | जलवायु जन्य हानी-नोक्सानी बिश्लेषण, क्षति आकलन अध्ययन खाका तयार गर्ने | वन, वातावरण तथा पर्यटन मन्त्रालय | मुख्यमन्त्रीको कार्यालय, स्थानीय तह, विकास साझेदार तथा गैरसरकारी संघ संस्थाहरु र विश्वविद्यालय | अल्पकालीन | खाका तयार भएको हुने |
| **ख. जलवायु परिवर्तन सम्बन्धी योजना तर्जुमा तथा कार्यन्वयन गर्दा तथ्य तथा प्रमाणमा आधारित हुने (अनुमानित लागत, रु ५ करोड )** | | | | | |
| १ | प्रदेश र स्थानीय तहको बजेट तथा कार्यक्रममा जलवायु परिवर्तन अनुकूलन र न्युनीकरणका कार्यलाई स्थानीयकरण गर्ने | वन, वातावरण तथा पर्यटन मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सम्बन्धित मन्त्रालय, बिकास सझेदार | मध्यकालीन | कार्यबिधि तर्जुमा भई स्थानीयकरण भएको हुने |
| २ | प्रदेश जलवायु परिवर्तन व्यवस्थापन सूचना प्रणाली (Provincial Climate Change Management Information System,PCCMIS) तयार गरी लागु गर्ने | वन, वातावरण तथा पर्यटन मन्त्रालय | संघीय मन्त्रालय, जल तथा मौसम कार्यलय, बिकास सझेदार | अल्पकालीन | PCCMIS तयार भई प्रयोगमा आएको हुने |
| **ग. जलवायु परिवर्तन सम्बन्धी अध्ययन अनुसन्धान गर्न प्रविधिको विकास तथा प्रसार गर्ने (अनुमानित लागत, रु १० करोड )** | | | | | |
| १ | प्रविधिको विकास, अबलम्वन तथा प्रसार गरी अनुकूलन तथा न्यूनीकरण क्षमता अभीबृद्धि गर्ने | वन, वातावरण तथा पर्यटन मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालय, बिकास सझेदार | दीर्घकालीन | उपयुक्त प्रविधिको विकास र अवलम्वन भएको हुने |
| ***अनुसन्धान, प्रविधि विकास तथा प्रसारः कुल अनुमानित लागत रू ३५ करोड*** | | | | | |

### २.४.१२. जलवायु वित्त व्यवस्थापन

राष्ट्रिय जलवायु परिवर्तन नीति २०७६ ले जलवायु परिवर्तन सम्बन्धी नीतिहरुको कार्यन्वयनकालागि राष्ट्रिय स्रोतको पहिचान गर्नुका साथै यस सम्बन्धि दुई-पक्षीय, बहुपक्षीय तथा अन्तर्राष्ट्रिय वित्तीय स्रोतमा पहुँच बढाई सबै स्रोतको न्यायोचित रुपमा परिचालन गर्ने नीति लिएको छ। अर्थ मन्त्रालय मन्त्रालयले जारि गरेको जलवायु वित्त व्यवस्थापन कार्यविधि २०८२ को प्रावधान अनुसार अन्तर्राष्ट्रिय जलवायु वित्त कोषमा प्रदेश सरकारको पहुँच अभिबृद्धि गरी लुम्बिनी प्रदेशमा तदनुरुप जलवायु परिवर्तन अनुकूलन तथा जोखिम न्यूनीकरणका कार्यक्रम संचालन गर्न पहल गरिने छ।

राष्ट्रिय जलवायु परिवर्तन नीति २०७६ ले जलवायु परिवर्तन सम्बन्धी नीतिहरुको कार्यान्वयनका लागि राष्ट्रिय स्रोतको पहिचान गर्नुका साथै यस सम्बन्धि दुईपक्षीय, वहुपक्षीय तथा अन्तर्राष्ट्रिय वित्तीय स्रोतमा पहुँच बढाई सबै स्रोतको न्यायोचित रुपमा परिचालन गर्ने नीति लिएको छ। अर्थ मन्त्रालय मन्त्रालयले मिति २०८२/१०/२८ गते जारी गरेको जलवायु वित्त व्यवस्थापन कार्यविधि, २०८२ को प्रावधान अनुसार अन्तर्राष्ट्रिय जलवायु वित्त कोषमा प्रदेश सरकारको पहुँच अभिवृद्धि गरी लुम्बिनी प्रदेशमा तदनुरूप जलवायु परिवर्तन अनुकूलन तथा जोखिम न्यूनीकरणका कार्यक्रम सञ्चालन गर्न पहल गरिनेछ। जलवायु परिवर्तनसँग सम्बन्धित राष्ट्रिय नीतिहरुलाई मूलप्रवाहीकरण गर्न लुम्बिनी प्रदेशमा जलवायु वित्त व्यवस्थापन क्षेत्रको चुनौतीहरुको सामना गर्न ३ वटा रणनीति र ८ वटा क्रियाकलाप

तय गरिएका छन् । उक्त क्रियाकलाप कार्यान्वयन गर्नका लागि रु.६५ करोड कुल अनुमानित लागत प्रक्षेपण गरी निम्नानुसारको रणनीतिक क्रियाकलापको प्रस्ताव गरिएको छ जसको विस्तृत विवरण तालिका २.४.१२.२ मा प्रस्तुत गरिएको छ।

२.४.१२.१ जलवायु वित्त व्यवस्थापन सम्बन्धी रणनीति

क. संघीय सरकारसंग सहकार्य गरी अन्तर्राष्ट्रिय जलवायु वित्तमा पहुँच तथा वित्त परिचालन गर्ने,

ख. जलवायु परिवर्तन बजेट विनियोजन तथा खर्चको अभिलेख सुनिश्चित गर्ने, र

ग. संस्थागत सामाजिक उत्तरदायित्वको माध्यमबाट निजीक्षेत्रको वित्त परिचालनलाई प्रोत्साहन गर्ने ।

२.४.१२.२. जलवायु वित्त व्यवस्थापन सम्बन्धी रणनीतिक कार्ययोजना

| क्र.सं. | क्रियाकलाप | जिम्मवार निकाय | | समय सिमा<br>अल्पकालीन (३ वर्ष भित्र )<br>मध्यकालीन (६ वर्ष भित्र)<br>दीर्घकालीन (१० वर्ष) | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| | | मुख्य निकाय | सहयोगी निकाय | | |
| **क. संघीय सरकारसंग सहकार्य गरी अन्तराष्ट्रिय जलवायु वित्तमा पहुँच तथा वित्त परिचालन गर्ने (अनुमानित लागत, रु. ५० करोड)** | | | | | |
| १ | रणनीतिक कार्ययोजनाले तय गरेको कार्यक्रमलाई प्राप्त स्रोतको आधारमा प्रथामिकरण गरी वार्षिक कार्यक्रम तर्जुमा गर्ने | वन, वातावरण तथा पर्यटन मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यलय र आर्थिक मामिला तथा योजना मन्त्रालय, बिकास सझेदार | दीर्घकालीन | कार्यक्रम तर्जुमा भएको हुने |
| २ | संघीय सरकारले उपलब्ध गराउने जलवायु वित्त (जस्तै REDD+, GCF, GEF, AF, CIF तथा कार्बन व्यापार) अनुसारको कार्यक्रम स्थानीय तह तथा सरोकारवालाहरूसँग समन्वय गरी तर्जुमा र कार्यान्वयन गर्ने | वन, वातावरण तथा पर्यटन मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यलय र आर्थिक मामिला तथा योजना मन्त्रालय, बिकास सझेदार | दिर्घकालिन | जलवायु वित्त कार्यक्रम तर्जुमा र कार्यन्वयन भएको हुने |
| ३ | प्रदेश मन्त्रालय तथा सम्बन्धित निकायमा जलवायु वित्त सम्बन्धि ज्ञान प्रदान गर्न तालिम मोडयुल तयार गरि तालिम दिने | वन, वातावरण तथा पर्यटन मन्त्रालय | संघीय मन्त्रालय तथा आर्थिक मामिला तथा योजना मन्त्रालय | अल्पकालीन | मोड्युल तयार भई तालिम प्राप्त गरेको हुने |
| ४ | संघिय सरकारसंगको सहकार्यमा अन्तराष्ट्रिय जलवायु वित्तका परियोजनाहरू विकास तथा कार्यान्वयन गर्ने । | वन, वातावरण तथा पर्यटन मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यलय र आर्थिक मामिला तथा योजना मन्त्रालय<br>, बिकास सझेदार | मध्यकालीन | जलवायु वित्त कार्यक्रम तर्जुमा र कार्यन्वयन भएको हुने |
| **ख. जलवायु परिवर्तन वजेट विनियोजन तथा खर्चको अभिलेख सुनिश्चित गर्ने (अनुमानित लागत, रु १० करोड)** | | | | | |
| १ | क्षेत्रगत योजना तर्जुमा गर्दा जलवायु परिवर्तन बजेट कोडको अनिवार्य प्रयोग गर्ने | आर्थिक मामिला तथा योजना मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यलय, वन, वातावरण तथा पर्यटन मन्त्रालय, तथा सम्बन्धित मन्त्रालय | अल्पकालीन | बजेट कोड लागु भएको हुने |
| २ | प्रदेश तथा स्थानीय तहमा जलवायु परिवर्तन वजेट कोड सम्बन्धी तालिम तथा ज्ञान दिने | वन, वातावरण तथा पर्यटन मन्त्रालय | आर्थिक मामिला तथा योजना मन्त्रालय, बिकास सझेदार | अल्पकालीन | बजेट कोडको तालिम भएको हुने |

DRAFT

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | संघीय सरकारबाट प्राप्त हुने श्रोत, प्रादेशिक र स्थानीय तहको बजेट विनियोजन गर्दा रणनीतिक कार्ययोजनाका कृयाकलाप कार्यान्वयनका लागी प्रथमिकता दिने | वन, वातावरण तथा पर्यटन मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय<br>सम्बन्धित मन्त्रालय, स्थानीय तह, बिकास सझेदार | दीर्घकालीन | रणनीतिक कार्ययोजनाका क्रियाकलाप कार्यान्वयनका भएको हुने |
| **ग. संस्थागत सामाजिक उत्तरदायित्वको माध्यमबाट निजीक्षेत्रको वित्त परिचालनलाई प्रोत्साहन गर्ने (अनुमानित लागत, रु  ५ करोड)** | | | | | |
| १ | निजी क्षेत्रलाई जलवायु वित्तमा लगानी बढाउने वातावरण सृजना गर्न प्रदेश सरकारले जलवायु वीत्त सम्बन्धी नीतिगत र कानुनी व्यवस्था गर्ने । | वन, वातावरण तथा पर्यटन मन्त्रालय | आर्थिक मामिला तथा योजना मन्त्रालय, आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय तथा सम्बन्धित मन्त्रालय | अल्पकालीन | नीतिगत र कानुनी व्यवस्था तर्जुमा भएको हुने। |
| ***जलवायु वित्त व्यवस्थापनका लागि कुल अनुमानित लागत (रू ६५ करोड)*** | | | | | |

DRAFT

## परिच्छेद ३

## जलवायु परिवर्तन रणनीति कार्ययोजना कार्यान्वयन

### ३.१. संस्थागत भूमिका

प्रदेश जलवायु परिवर्तन रणनीतिक कार्ययोजना, २०८३ को तर्जुमा, स्वीकृति र प्रभावकारी कार्यान्वयनका लागि देहाय बमोजिमको संस्थागत भूमिका रहनेछ।

#### ३.१.१. प्रदेश सरकार (मन्त्रिपरिषद)

क. प्रदेश सरकार वन, वातावरण तथा पर्यटन मन्त्रालयले तयार गरेको जलवायु परिवर्तन रणनीतिक कार्ययोजना, २०८३ को तर्जुमा, स्वीकृति र मूल्याङ्कन गर्ने।

ख. जलवायु परिवर्तन रणनीतिक कार्ययोजनाको कार्यान्वयनका लागि नेतृत्व, समन्वय र मार्गदर्शन गर्ने गराउने।

ग. प्रदेश वातावरण संरक्षण परिषदको निर्णय कार्यान्वयन गर्न, गराउनका लागि सहयोग र समन्वय गर्ने।

घ. जलवायु परिवर्तन व्यवस्थापन सम्बन्धी अन्य आवश्यक कार्य गर्ने, गराउने।

#### ३.१.२. प्रदेश वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन परिषद

क. प्रदेशको वातावरण, जलवायु परिवर्तन र विपद् जोखिम सम्बन्धमा आवश्यक निर्देशन दिने।

ख. जलवायु परिवर्तन रणनीतिक कार्ययोजनाको कार्यान्वयन गर्न गराउनका लागि समन्वय गर्ने।

ग. जलवायु परिवर्तन रणनीतिक कार्ययोजनाको कार्यान्वयन स्थितिको मूल्याङ्कन गर्ने।

#### ३.१.३. प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको भूमिका

क. प्रदेशस्तरमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी नीति तथा योजनाको तर्जुमा जलवायु परिवर्तन व्यवस्थापनको विषयलाई पनि समावेश गर्ने।

ख. प्रदेशस्तरमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र जलवायु परिवर्तन व्यवस्थापन सम्बन्धी कार्यका लागि सम्बन्धित निकाय तथा संघ संस्थाहरूलाई नीतिगत मार्गदर्शन गर्ने।

ग. प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र जलवायु परिवर्तन व्यवस्थापन सम्बन्धी कार्यका लागि स्थानीय तहलाई नीतिगत मार्गदर्शन गर्ने।

घ. प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र जलवायु परिवर्तन व्यवस्थापन सम्बन्धी समग्र कार्यको नीतिगत मार्गदर्शन, निर्देशन, व्यवस्थापन गर्ने।

#### ३.१.४. प्रदेश जलवायु परिवर्तन समन्वय समिति

क. प्रदेश सरकार (मन्त्रिपरिषद) बाट स्वीकृत प्रदेश जलवायु परिवर्तन रणनीतिक कार्ययोजना, २०८३ मा सूचीकृत क्रियाकलाप कार्यान्वयन गर्ने, गराउने।

ख. प्रदेश जलवायु परिवर्तन रणनीतिक कार्ययोजना, २०८३ मा सूचीकृत क्रियाकलाप कार्यान्वयन अवस्थाको बारेमा अनुगमन, गर्ने गराउने ।

ग. प्रदेश जलवायु परिवर्तन रणनीतिक कार्ययोजना, २०८३ मा सूचीकृत क्रियाकलाप कार्यान्वयन गर्न, गराउन सम्बद्ध निकाय तथा संघ संस्था र निजीक्षेत्रसंग समन्वय र सहजीकरण गर्ने ।

### ३.१.५. वन, वातावरण तथा पर्यटन मन्त्रालय

क. प्रदेश जलवायु परिवर्तनका लागि आवश्यक तथ्याङ्क व्यवस्थापन, अध्ययन तथा अनुसन्धान, जलवायु परिवर्तनको प्रभावले निम्त्याएको जोखिमक्षेत्र नक्शाङ्कन सम्बन्धी प्रादेशिक नीति, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन समेतका काम कारवाही गर्ने, गराउने ।

ख. प्रदेश जलवायु परिवर्तन रणनीतिक कार्ययोजना, २०८३ मा सूचीकृत क्रियाकलाप कार्यान्वयन, आवश्यकता अनुसार परिमार्जन गर्ने, गराउने ।

ग. प्रदेश स्थित सरकारी निकाय, विकास साझेदार तथा गैरसरकारी संघ संस्थाहरु, संघ संस्था, निजीक्षेत्रसँग आवश्यक समन्वय र सहकार्य गर्ने, गराउने ।

घ. यो रणनीतिक कार्ययोजनाको कार्यान्वयन अवस्थाको बारेमा भए गरिएको अनुगमन तथा मूल्याङ्कनको अभिलेख राख्ने र तदनुरूप रणनीतिक क्रियाकलापको संशोधनको लागि गृहकार्य गरी प्रदेश सरकार (मन्त्रिपरिषद) मा पेश गर्ने ।

### ३.१.६. विषयगत मन्त्रालय, आयोग, सचिवालय

क. प्रदेश सरकारका विषयगत मन्त्रालय, आयोग र सचिवालय समेतले आ-आफ्नो काम कारवाही गर्दा, गराउँदा यो रणनीतिक कार्ययोजनामा सूचीकृत क्रियाकलापलाई प्राथमिकताका साथ समावेश गर्ने ।

ख. प्रदेश सरकारका मन्त्रालय, सचिवालय, निर्देशनालय लगायत विषयगत परिषद र समितिका काम कारवाहीमा प्रदेश जलवायु परिवर्तन रणनीतिक कार्ययोजना, २०८३ लाई मूलप्रवाहीकरण गर्ने ।

ग. प्रदेश जलवायु परिवर्तन रणनीतिक कार्ययोजना, २०८३ मा सूचीकृत क्रियाकलाप कार्यान्वयनका लागि वन, वातावरण तथा पर्यटन मन्त्रालयसँग सममन्वय र सहकार्य गर्ने, गराउने ।

### ३.१.७. प्रदेश स्थित विकास साझेदार तथा गैरसरकारी संघ संस्थाहरु निकाय र संघ संस्थाहरू

क. प्रदेश जलवायु परिवर्तन रणनीतिक कार्ययोजना, २०८३ मा सूचीकृत क्रियाकलाप कार्यान्वयन गर्ने गराउने ।

ख. प्रदेश जलवायु परिवर्तन रणनीतिक कार्ययोजना, २०८३ मा सूचीकृत क्रियाकलापलाई आ-आफ्नो कार्यक्रम मार्फत मूलप्रवाहीकरण गर्ने ।

### ३.१.८. जिल्ला विपद् व्यवस्थापन समिति

क. प्रदेशका जिल्ला विपद् व्यवस्थापन समितिबाट आ-आफ्नो काम कारवाही गर्दा गराउँदा प्रदेश जलवायु परिवर्तन रणनीतिक कार्ययोजना, २०८३ मा सूचीकृत क्रियाकलाप कार्यान्वयनलाई मूलप्रवाहीकरण गर्ने ।

ख. प्रदेशका कृषि, पशुसेवा, सडक, सिँचाइ, शिक्षा, सञ्चार, विद्युत, स्वास्थ्य, खानेपानी, सामाजिक सुरक्षा, संरक्षण, भूमि व्यवस्थापन र यातायात व्यवस्था लगायतका काम हेर्ने विषयगत कार्यालयहरूले आ-आफ्नो काम कारवाही गर्दा यो रणनीतिक कार्ययोजनामा सूचीकृत क्रियाकलापलाई प्राथमिकताका साथ मूलप्रवाहीकरण गर्ने ।

ग. जिल्ला स्थित स्थानीय प्रशासनले प्रदेश जलवायु परिवर्तन रणनीतिक कार्ययोजना, २०८३ मा सूचीकृत क्रियाकलाप कार्यान्वयन गर्न गराउन आवश्यक मद्दत गर्ने ।

### ३.१.९. स्थानीय विपद् व्यवस्थापन समिति

क. प्रदेश जलवायु परिवर्तन रणनीतिक कार्ययोजना, २०८३ मा सूचीकृत क्रियाकलाप कार्यान्वयन गर्ने गराउने ।

ख. स्थानीय तहहरूले आ-आफ्नो नीति, योजना, कार्यक्रम तर्जुमा गर्दा प्रदेश जलवायु परिवर्तन रणनीतिक कार्ययोजना, २०८३ मा सूचीकृत क्रियाकलापलाई मूलप्रवाहीकरण गर्ने ।

### ३.१.१०. निजीक्षेत्र

निजीक्षेत्रले आ-आफ्नो कृषि, खाद्य सुरक्षा, उर्जा उत्पादन, पर्यटन र उद्योग क्षेत्रमा योजना र कार्यक्रम कार्यान्वयन प्रदेश जलवायु परिवर्तन रणनीतिक कार्ययोजना, २०८३ मा सूचीकृत क्रियाकलापलाई मूलप्रवाहीकरण गर्ने ।

## ३.२. वित्त व्यवस्थापन

रणनीतिक कार्ययोजनाको कार्यअवधि १० वर्षको रहने छ । रणनीतिमा लक्षित कार्यक्रम सम्पन्न गर्न कूल वजेट रु २,१४,१५,००,००,०००।– (अक्षेरूपी दुई खर्ब चौध अर्ब पन्ध्र करोड रूपैयाँ) को लागत अनुमान गरिएको छ । उक्त अनुमानित लागत मध्ये आन्तरिक स्रोतमा संघीय सरकारबाट प्राप्त हुने अनुदान, प्रदेश सरकारले विनियोजन गर्ने रकम, निजी र सामाजिक क्षेत्रबाट हुने योगदान समेत रहने छन । बाह्य स्रोतहरुमा प्रदेशमा प्राप्त हुने दातृनिकाय र विकास साझेदार तथा गैरसरकारी संघ संस्थाहरु तथा गैरसरकारी संघ संस्थाहरुबाट प्राप्त हुने द्धिपक्षीय र बहुपक्षीय सहयोग रहने छ । रणनीतिक कार्ययोजनाको कार्यान्वयनमा लाग्ने कूल वजेट मध्ये आन्तारिक स्रोतबाट ६५ र बाह्य स्रोतबाट ३५ प्रतिशत योगदान हुने अनुमान गरिएको छ । आन्तरिक श्रोत मध्ये निजिक्षेत्रबाट कृषि तथा खाद्य सुरक्षा, उर्जा उत्पादन, पर्यटनर उद्योग क्षेत्रमा उल्लेख्य योगदान हुने प्रक्षेपण गरिएको छ । निजीक्षेत्रको योगदान कूल आन्तारिक स्रोतको ३०प्रतिशत हुने आंकलन गरिएको छ । संघ, प्रदेश र स्थानीय सरकार तथा निजिक्षेत्रबाट हुने योगदान पश्चात, अपुग हुन आउने रकम बाह्य स्रोतबाट परिपूर्ति गरिने छ । यसको लागि संघीय सरकारले विकास साझेदार तथा गैरसरकारी संघ संस्थाहरुसँगआवश्यक समन्वय र सहयोग गर्ने अपेक्षा राखिएको छ ।

जलवायू परिवर्तन रणनीतिक कार्ययोजना उल्लेखित क्रियाकलाप कार्यन्वयन गर्न आवश्यक पर्ने बजेटको प्रक्षेपणका आधारहरु देहाय वमोजिम रहेका छन् ।

क. राष्ट्रिय अनुकूलन योजना २०७८ र तेस्रो राष्ट्रिय योगदान, २०८२ ले प्रक्षेपण गरेको क्षेत्रगत बजेट ।

ख. प्रदेशको दोस्रो आवधिक योजनाले प्राथमिकीकरण गरेका बिषयगत क्षेत्र कार्यान्वयनका लागि प्रस्ताब गरेको लागत।

ग. हाइड्रो उर्जासंग संबन्धित विज्ञ, पर्यटन ब्यवसायी र निजी क्षेत्रका प्रतिनिधी संग गरीएको परामर्शबाट प्राप्त सुझावहरु।

घ. प्रदेश स्तरीय सरोकारवलाहरुको गोष्ठीबाट प्राप्त सुझावहरु।

ङ. विज्ञ र प्राज्ञीक व्यक्तित्वहरुसंगको राय परामर्श।

उक्त लागत देहायको देहायको आधार र प्रक्रिया बमोजिम परिपुर्ति गरिनेछ।

### ३.२.१. वार्षिक बजेट

क. लुम्बिनी प्रदेश सरकारका विषयगत मन्त्रालय, आयोग, सचिवालय, सुरक्षा निकाय, निर्देशनालय, तालिमकेन्द्र, कार्यालय समेतले आ-आफ्नो वार्षिक बजेटमा प्रदेश जलवायु परिवर्तन रणनीतिक कार्ययोजनामा सूचीकृत क्रियाकलाप मूलप्रबाहीकरण गर्ने गरी प्रदेश जलवायु परिवर्तन रणनीतिक कार्ययोजना, २०८३ मा सूचीकृत क्रियाकलापहरूलाई प्राथमिकतामा राखि नीति, योजना, कार्यक्रम र बजेटको व्यवस्था गर्ने गराउने छन्।

ख. लुम्बिनी प्रदेश अन्तरगतका कृषि, पशुसेवा, सडक, सिँचाइ, शिक्षा, सञ्चार, विद्युत, स्वास्थ्य, खानेपानी, सामाजिक सुरक्षा, संरक्षण, भूमि व्यवस्थापन र यातायात व्यवस्था लगायतका काम हेर्ने विषयगत कार्यालय तथा मानवीयक्षेत्रमा क्रियाशिल संघ संस्थानहरूले आ-आफ्नो वार्षिक बजेटमा प्रदेश जलवायु परिवर्तन रणनीतिक कार्ययोजना, २०८३ मा सूचीकृत क्रियाकलाप कार्यान्वयन गर्ने गरी नीति, योजना, कार्यक्रम र बजेटको व्यवस्था गर्ने गराउने छन्।

ग. लुम्बिनी प्रदेश स्थित स्थानीय तहहरूले प्रदेश जलवायु परिवर्तन रणनीतिक कार्ययोजना, २०८३ मा सूचीकृत क्रियाकलापलाई प्राथमिक मार्गदर्शनको सूचीमा राखि आ-आफ्नो वार्षिक जलवायु परिवर्तन व्यवस्थापन कार्यलाई मूलप्रबाहीकरण गर्ने गरी नीति, योजना, कार्यक्रम र बजेटको कार्यान्वयन गर्ने गराउने छन्।

### ३.२.२. जलवायु परिवर्तन व्यवस्थापन कोष

क. जलवायु वित्त परिचालन कार्यविधि, २०८३ बमोजिम लुम्बिनी प्रदेशमा जलवायु परिवर्तन कोषको प्राप्ति र उपयोगलाई व्यवस्थित गर्नका लागि प्रदेश जलवायु परिवर्तन रणनीतिक कार्ययोजना, २०८३ मा सूचीकृत क्रियाकलापलाई प्राथमिकतामा राखि कार्यान्वयन गरिनेछ।

ख. लुम्बिनी प्रदेश स्थित जिल्ला विपद् व्यवस्थापन समितिहरूबाट आ-आफ्नो जिल्ला विपद् व्यवस्थापन कोषको परिचालन गर्दा गराउँदा प्रदेश जलवायु परिवर्तन रणनीतिक कार्ययोजना, २०८३ मा सूचीकृत क्रियाकलापलाई प्राथमिकतामा राखि कार्यान्वयन गर्ने गराउने छन्।

ग. लुम्बिनी प्रदेश स्थित स्थानीय तहहरूले आ-आफ्नो स्थानीय विपद् तथा जलवायु व्यवस्थापन कोषको परिचालन गर्दा गराउँदा प्रदेश जलवायु परिवर्तन रणनीतिक कार्ययोजना, २०८३ मा सुचीकृत क्रियाकलापलाई प्राथमिक मार्गदर्शनका साथ

घ. कार्यान्वयन गर्ने गराउने छन् ।

### ३.२.३.

### विकास सहायता परिचालन

नेपाल सरकारको प्रचलित वैदेशिक सहायता परिचालन नीतिको प्रतिकूल नहुने गरी लुम्बिनी प्रदेश सरकारले जलवायु परिवर्तन व्यवस्थापन सम्बन्धी तथ्याङ्क व्यवस्थापन, अध्ययन तथा अनुसन्धान, र जोखिमक्षेत्र नक्शाङ्कन समेतको कामका लागि लुम्बिनी प्रदेशमा विकास साझेदार तथा गैरसरकारी संघ संस्थाहरु निकाय तथा संघ संस्थाहरू मार्फत विकास सहायता परिचालन गर्न सक्नेछ ।

### ३.२.४ निजीक्षेत्र

लुम्बिनी प्रदेशमा आर्थिक विकासको मेरूदण्डका रूपमा रहेको निजिक्षेत्रले आ-आफ्नो योजना र कार्यक्रम तर्जुमा गर्दा प्रदेश जलवायु परिवर्तन रणनीतिक कार्ययोजना, २०८३ मा सूचीकृत क्रियाकलापलाई प्राथमिकताका साथ मूलप्रवाहीकरण गर्नेछ ।

लुम्बिनी प्रदेश स्थित निजीक्षेत्र बाट यो कार्ययोजना कार्यान्वयनका लागि खासगरी कृषि तथा खाद्य सुरक्षा, उर्जा उत्पादन, पर्यटन र उद्योग क्षेत्रमा उल्लेख्य योगदान हुने प्रक्षेपन गरिएको छ ।

### ३.२.५. विविध

लुम्बिनी प्रदेश सरकारले प्रदेश स्थित सामाजिक संघ संस्था, प्राज्ञीक निकाय, स्वयंसेवक लगायत संगठित संघ संस्थाहरूसँगको सहकार्य र सहयोग परिचालन गरी प्रदेश जलवायु परिवर्तन रणनीतिक कार्ययोजना, २०८३ मा सुचीकृत क्रियाकलापलाई कार्यान्वयन गर्ने गराउनका लागि प्रश्रय दिनेछ ।

## ३.३. क्षमता विकास

प्रदेश जलवायु परिवर्तन रणनीतिक कार्ययोजना, २०८३ मा उल्लेखित क्रियाकलापहरूको कार्यान्वयन गर्न, गराउन प्रदेश, स्थानीय तहका सरकारी एव अन्य साझेदार संघ संस्था, तथा संजालहरुको प्रत्यक्ष भूमिका हुने भएकाले तिनको समयानिकूलको क्षमता विकासका कार्यक्रम आवश्यक हुन्छ । यसर्थ तिनको क्षमता विकासको लागि वन, वातावरण तथा पर्यटन मन्त्रालयबाट प्रदेशस्तरीय आवश्यक क्षमता विकास रणनीतिक कार्ययोजना तयार गरिनेछ । उक्त कार्यक्रमा विशेष गरी जलवायु परिवर्तन अनुकूलन, बदलिंदो परिवेश र नविनतम प्रविधिहरुको अध्ययन, अनुसन्धान र अभिलेखिकरण व्यवस्थापन जस्ता विषय समेतलाई प्राथमिकता दिईनेछ ।

## ३.४. जोखिम व्यवस्थापन

क. जलवायु परिवर्तन रणनीतिक कार्ययोजनाको दूरदृष्टी, लक्ष्य र उद्देध्यहरू हाशिल गर्नका लागि उल्लेखित रणनीति र क्रियाकलाप कार्यान्वयन गर्न गराउन बदलिंदो परिवेश, संघीय ऐन, नियम, संरचना र तहाँबाट

ख. प्रदेशका लागि उपलब्ध हुने स्रोतको परिचालनमा हुनसक्ने फेरबदल लाई संभावित जोखिमको रूपमा लिंदै प्रदेशले बदलिंदो परिवेश अनुसार संघीय सरकारसँग समन्वय र सहकार्यको नीति अवलम्बन गर्नेछ ।

ग. विकास साझेदार तथा गैरसरकारी संघ संस्थाहरु र निजीक्षेत्रको प्राथमिकतालाई मध्येनजर गरी तदनुरूप कार्यनीति अवलम्बन गरिनेछ ।

घ. स्थानीय तहलाई यो रणनीतिक कार्ययोजना कार्यान्वयनको मेरूदण्डका रूपमा प्रदेशबाट आवश्यक सहयोग, समन्वय र सहकार्य गरिनेछ ।

### ३.५. अनुगमन, मूल्याङ्कन, सिकाई र संशोधन तथा परिमार्जन

### ३.५.१. अनुगमन तथा मूल्याङ्कन

क. प्रदेश जलवायु परिवर्तन रणनीतिक कार्ययोजना, २०८३ मा सूचीकृत क्रियाकलाप कार्यान्वयन स्थितिको अनुगमन वन, वातावरण तथा पर्यटन मन्त्रालयको संयोजन र सहजीकरणमा प्रदेश जलवायु परिवर्तन समन्वय समितिले गर्नेछ । प्रदेश जलवायु परिवर्तन समन्वय समितिले अनुगमन गर्दा आवश्यक उप-समितिको गठन गर्न सक्नेछ । उपसमितिको गठन तथा अनुगमन सम्बन्धी अन्य कुरा प्रदेश जलवायु परिवर्तन समन्वय समितिले आफै निर्धारण गर्नेछ ।

ख. प्रदेश जलवायु परिवर्तन रणनीतिक कार्ययोजना, २०८३ को कार्यान्वयन अवस्थाको मूल्याङ्कन प्रदेश सरकार (मन्त्रिपरिषद) ले गर्नेछ । प्रदेश सरकार (मन्त्रिपरिषद) ले मूल्याङ्कन गर्दा आवश्यक उप-समितिको गठन गर्न सक्नेछ । उपसमितिको गठन तथा मूल्याङ्कन सम्बन्धी अन्य कुरा प्रदेश सरकार (मन्त्रिपरिषद) ले आफै निर्धारण गर्नेछ ।

ग. वन, वातावरण तथा पर्यटन मन्त्रालयले प्रदेश जलवायु परिवर्तन रणनीतिक कार्ययोजना, २०८३ को कार्यान्वयन अवस्थाको अनुगमन तथा मूल्याङ्कन कार्यका लागि आवश्यक सहयोग, समन्वय र सहजीकरण गर्नेछ

### ३.५.२. सिकाई र पुनरावलोकनः

क. प्रदेश जलवायु परिवर्तन रणनीतिक कार्ययोजना, २०८३ को  वार्षिक वा आवधिक अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त सिकाई र सुझावलाई प्रदेश सरकार (मन्त्रिपरिषद) ले यो कार्ययोजनाको पुनरावलोकनको आधारका रूपमा ग्रहण गर्नेछ ।

ख. जलवायु परिवर्तन व्यवस्थापनको मामिलामा समयानुसारको गतिशील र बदलिंदो आयामलाई प्रदेश सरकार (मन्त्रिपरिषद) ले यो कार्ययोजना पुनरावलोकनको आधारका रूपमा ग्रहण गर्नेछ ।

ग. वन, वातावरण तथा पर्यटन मन्त्रालयले प्रदेश जलवायु परिवर्तन रणनीतिक कार्ययोजना, २०८३ को सिकाई र पुनरावलोकनका आधारहरूलाई नियमित र संस्थागत रूपमा अभिलेख राख्नेछ ।

घ. प्रदेश प्रदेश सरकार (मन्त्रिपरिषद) ले प्रदेश जलवायु परिवर्तन रणनीतिक कार्ययोजना, २०८३ को कार्यान्वयन अवस्था, अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त राय, सुझाव र पृष्ठपोषण, समयानुकूल प्राप्त

सुझाव र सिकाईका साथै संघीय सरकारको अग्रसरता समेतका आधारमा हरेक तीन-तीन वर्षमा यो कार्ययोजनाको पुनरावलोकन गर्नेछ ।

DRAFT